वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २४ २०७३ पुस ४ गते सोमबार Monday, Dec 19, 2016 पृष्ठ ८ मूल्य रु. १०।-

पार्टीको ७ गते, मोर्चाको ११ गतेबाट बैठक बस्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठक पौष ७ गतेबाट पार्टी कार्यालय बुद्धनगरमा बस्ने भएको छ। पार्टी कार्यालय सचिव कृष्णभक्त महर्जन' कगेन्द्र'ले दिएको जानकारी अनुसार केन्द्रीय समितिको बैठक पौष ७, ८ र ९ गतेलाई राखिएको छ भने देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका कार्यालय सचिव हरिकृष्ण गजुरेलले जनाए अनुसार मोर्चाको केन्द्रीय समितिको बैठक पौष ११ गतेका लागि बोलाइएको छ।

संसदीय व्यवस्था र संसदवादी पार्टीहरुका विरुद्ध देशव्यापी रुपमा जनआक्रोश चुलिरहेको अवस्थामा समकालीन कम्युनिष्ट आन्दोलन तथा माओवादी आन्दोलनको वैचारिक केन्द्रको रुपमा स्थापित र क्रान्तिकारी धारको नेतृत्व गरिरहेको पार्टी र मोर्चाको केन्द्रीय समितिको आसन्न बैठकलाई आम क्रान्तिकारी तथा परिवर्तनकामी जनसमुदायले निकै चासोका साथ हेरिरहेका छन्।

प्रचण्ड सरकारले सुनेन नोटबन्दी पीडित जनताको आवाज

◆ **वर्गदृष्टि समाचारदाता**

काठमाडौं। भारत सरकारले गत नोभेम्बर ८ मा नोटबन्दीको घोषणा गरेसँगै मारमा परेका नेपाली जनताको साथमा रहेको भारतीय रुपैयाँ के हुने भन्ने अन्यौलता कायमै रहेको छ। नेपालमा समेत ठूलो मात्रामा भारतीय रुपैयाँ चलनचल्तीमा रहेका कारण नेपाली जनता समस्यामा परेका छन्। नेपाल राष्ट्र बैंकले नेपाली जनतासँग रहेको भारतीय रुपैंयाका बारेमा भारतीय अधिकारीसँग कुराकानी गरेको भएपनि भारतीय रिजर्भ बैंकले कुनै जवाफ नदिदा चिन्ता थपिएको छ। नेपाल राष्ट्र बैंकले भारतीय पक्षबाट कुनै जवाफ नआएपछि आफ्ना प्रतिनिधिलाई कुराकानीका लागि भारत पठाउने तयारी समेत गरिरहेको छ। नेपाल राष्ट्र बैंकले भारतीय रिजर्भ बैंकसँग लगातार मौखिक र लिखित कुराकानीपछि पनि कुनै जवाफ अहिलेसम्म दिएको छैन। भारत र नेपाल दुवै देशबीच भएको सहमतिअनुसार नेपाली नागरिकले ५ सय र १ हजार दरका नोटसहित २५ हजार रुपैयाँसम्म आफ्नो साथमा राख्न पाउने व्यवस्था छ। नेपालका बैंक अधिकारीहरुले भारतीय बैंकलाई नेपाली नागरिकसँग रहेको

... *बाँकी ८ पेजमा*

‘राष्ट्रिय स्वाधीनताको निम्ति कार्यगत एकताको घोषणा’

१ महिने संघर्षका कार्यक्रमको घोषणा, अक्टोबर क्रान्तिको शतबार्षिकी संयुक्त रुपमा मनाउने

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

राष्ट्रिय स्वाधीनताको एक सुत्रीय एजेण्डामा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल) र नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपा (माओवादी)ले कार्यगत एकताको घोषणा गरेका छन्। तीन पार्टीका शीर्ष नेतृत्वको हस्ताक्षरमा शुक्रबार जारी गरिएको विज्ञप्तीमा भारतीय विस्तारवादद्धारा गरिएको जलस्रोत र प्राकृतिक सम्पदामाथि गरिएको हस्तक्षेपका विरुद्ध कार्यगत एकता गरी संयुक्त संघर्ष गर्ने जनाइएको छ भने संघर्षका कार्यक्रम ठोस गर्न बनेको तीन दलीय कार्यदलको आइतबार बसेको बैठकले १ महिने संघर्षको कार्यक्रम घोषणा गरेको छ।

बैठकमा सहभागी क्रान्तिकारी माओवादीका प्रवक्ता हरिभक्त कँडेलले दिएको जानकारी अनुसार माथिल्लो कर्णाली, अरुण तेस्रो, विराटनगर स्थित



भारतीय कन्सुलेट कार्यालयलाई लक्षित गरी संघर्षका कार्यक्रमहरु तय गरिएका छन्। प्राप्त जानकारी अनुसार पौष १६ गते काठमाडौंमा अन्तर्क्रिया गर्ने, पौष २२ गते सुर्खेतमा विरोध सभा गर्ने, २५ गते संखुवासभाको खाँदबारीमा विरोध सभा गर्ने र २९ गते विराटनगरमा विरोध सभाको आयोजना गर्ने निर्णय गरिएको छ।

संघर्षका कार्यक्रमलाई प्रभावकारी बनाउन संयुक्त कार्यदलले प्रचारप्रसार, पर्चा पम्प्लेटिङ, नाराहरुको तय गर्ने र तीनवटै ठाउँको विरोधसभामा वक्ताहरु तोक्ने समाचार स्रोतले जनायो। नेकपा (मसाल)को कार्यालय बागबजारमा बसेको संयुक्त कार्यदलको बैठकमा क्रान्तिकारी माओवादीका नेताहरु रामसिंह श्रीस, हरिभक्त कँडेल, मसालका नेताहरु भैरव रेग्मी, ..शर्मा, विप्लव माओवादीका नेताहरु खड्ग विश्वकर्मा र गुणराज लोहनी सहभागी भएका थिए।

संघर्षलाई माथिल्लो कर्णाली, अरुण तेस्रोलगायतका सम्पूर्ण राष्ट्रघाती जलविद्युत सम्झौता, पिडिए, पिटिए र नेपालको जलविद्युतमाथि भारतीय एकाधिकार स्थापित हुने गरी भारतले प्रस्तावित गरेको विद्युत व्यापार निर्देशिकालगायतका विरुद्धमा केन्द्रीत गरिने क्रान्तिकारी माओवादीका नेताहरुले जनाएका छन्।

राष्ट्रियताको सवालबाहेक जनजीविकाका मुद्दाहरुमा पनि संयुक्त संघर्षका कार्यक्रम बनाएर जाने सहमति बनेको छ भने राष्ट्रियता र जनजीविकाका मुद्दाहरुमा एजेण्डा मिल्ने अन्य पार्टीहरुसँग पनि कार्यगत

... *बाँकी ७ पेजमा*

परम्परालाई रुपान्तरण गर्दै लैजानुपर्छ : अध्यक्ष किरण

◆ **वर्गदृष्टि संवाददाता**/काभ्रे

नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य दिनेश शर्मा'सागर'का पिता नरहरि चौलागाईंको श्रद्धाञ्जलीसभालाई शुक्रबार सम्बोधन गर्दै सो पार्टीका केन्द्रीय अध्यक्ष मोहन वैद्य'किरण'ले मृत्यु संस्कार (काजक्रिया)लगायत सबै परम्परालाई रुपान्तरण गर्दै लैजानु पर्ने धारणा राख्नुभएको छ। स्व.नरहरिको घर काभ्रेको पाँचखाल, माझिफेदामा जिल्ला पार्टी काभ्रेले आयोजना गरेको उक्त श्रद्धाञ्जलीसभा अध्यक्ष किरणले भन्नुभयो, "पुराना आस्थालाई सम्मान गर्दै बुझ्ने र बदल्नेतिर अघिबढ्नु पर्दछ। सबै परम्परालाई विस्तारै रुपान्तरण गर्दै लैजानु पर्दछ।"

दशवर्षे जनयुद्ध कालखण्डमा बलिदान गर्ने महान सहिदहरुको स्मरण गर्दै र स्व.नरहरिले त्यस युद्धमा महत्वपूर्ण सहयोग गर्नुभएको प्रसंग उल्लेख गर्दै उहाँले भन्नुभयो, "सार्थक मृत्युका निम्ति अथक मेहनत र परिश्रम गर्नुपर्दछ। नरहरि चौलागाईंले प्राप्त गर्नुभएको मृत्यु उचाईमा पुगेको मृत्यु हो।"

समाज दुई आदर्शवादी र भौतिकवादी धारामा विभक्त रहेको चर्चा गर्दै अध्यक्ष किरणले समाजमा झांगिएको आदर्शवादी धारालाई वर्गसंघर्ष र शिक्षा आर्जनको बीचबाट रुपान्तरण गर्दै लैजान सकिने बताउनु भयो। नेपालमा संघीय जनगणतान्त्रिक व्यवस्था स्थापित गर्दै एक दिन समाजवाद र साम्यवादको आदर्श पूरा भइछाड्ने विश्वास व्यक्त गर्नुभयो।

पार्टीका कोभ्रे जिल्ला संयोजक सोनामसिंह तामाङले अध्यक्षता गरेको उक्त श्रद्धाञ्जली कार्यक्रममा अध्यक्ष किरणले स्व.नरहरि चौलागाईंको फोटोमा

... *बाँकी ८ पेजमा*

चितवनमा देजमोको जिल्ला समिति गठन

◆ **वर्गदृष्टि संवाददाता**/चितवन

नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको चितवन जिल्ला समिति गठन भएको छ। भरतपुरमा भएको एक भेलाले अशोक शर्माको संयोजकत्वमा २५ सदस्यीय समिति गठन गरेको हो।

समितिका सदस्यहरुमा बाबुराम प्यासी, उत्तम सिंखडा, चन्द्रप्रसाद सुवेदी, कुमार थापा, शुभलक्ष्मी खनाल, भिमबहादुर थापा, शान्ति विक, खड्गबहादुर कुँवर, प्रकाश खनाल, चुडामणि परियार, डिल्लीराम दवाडी, सञ्जय गुरुङ, रविकिरण निर्जिव, दोर्जे लामा, प्रेम चेपाङ, सावित्री पौडेल, अर्जुन सापकोटा, अरुणा रावत, फिरल महतोलगायत रहेका छन्।

भेला नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सचिवालय सदस्य चन्द्रहरि सुवेदी 'अटल' को प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिवालय सदस्य तथा पार्टी केन्द्रीय सदस्य अम्बिका मुडभरी, नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा चितवन जिल्ला सचिव सुरेश गौतम, केन्द्रीय सल्लाहकारहरु जगत श्रेष्ठ, घननाथ सापकोटा, नरबहादुर गौतम लगायतको समेत सो भेलामा सहभागिता रहेको थियो।

संशोधनको नाममा मुलुक अनिर्णयको बन्दी

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

संविधान संशोधन प्रस्ताव व्यवस्थापिका संसद सचिवालयमा दर्ता भएपछि सरकारमा रहेका र प्रतिपक्षी दलहरुको हठका कारण देश अनिर्णयको बन्दी बनेको छ।

सरकारले ल्याएको सीमांकन हेरफेरसहितको संविधान संशोधनको प्रस्तावविरुद्ध अहिले प्रदेश नम्बर ५ मा आन्दोलन दुई साताभन्दा लामो समयदेखि जारी छ भने व्यवस्थापिका संसदसमेत सुचारु हुन सकेको छैन। संसदको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले संशोधन प्रस्ताव संसद सचिवालयमा दर्ता भएलगत्तै संसद बैठक अवरुद्ध गरिरहेको छ। संसद अवरोधका कारण संविधान संशोधनको प्रस्ताव व्यवस्थापिका संसदको नियमित कार्यसूचीमा समेत पर्न सकेको छैन।

मधेसवादी दलका माग संबोधन गर्न भन्दै संविधान संशोधन गर्न लागेको यो दोस्रो पटक हो। यसअघि संविधान जारी भएको चार महिनापछि अर्थात २०७२ माघमा पहिलो पटक संविधानमा संशोधन गरिएको थियो। पहिलो संशोधनमा जनसंख्याका आधारमा निर्वाचन क्षेत्र घोषणा गर्ने र समावेशी समानुपातिकको विषय पारित

... *बाँकी ८ पेजमा*

क्रान्तिकारी विकल्पको तयारी

नेपाली समाज केही समय यतादेखि फेरि पनि अशान्त छ। जनताको एउटा हिस्सा सडकमा उत्रिएको छ। सदन चल्न सकिरहेको छैन। कतिपय जिल्लामा प्रदर्शनकारी र प्रहरीका बीचमा झडपहरु भैरहेका छन्। केही जिल्लामा जिल्ला प्रशासन कार्यालय नै प्रदर्शनकारीहरुले कब्जा गरे पछि जिल्ला प्रशासनका अधिकारी र कर्मचारीहरु सडकमा बस्न बाध्य भएका छन्। यसको मुख्य कारण नेपालमा हाल माके र नेकाको गठबन्धनमा बनेको भारतको कठ्पुतली सरकारले मुख्यतः तिनै विदेशी शक्तिको ईशारामा संसदमा प्रस्तुत गरेको संशोधन प्रस्ताव रहेको छ।

– **सीपी गजुरेल 'गौरव'**

नेपालका प्रायः सबैजसो अवसरवादी र प्रतिकृयावादी पार्टीहरु मिलेर जारी गरेको संविधानमा प्रदेशहरुको सिमांकनमा ठूलो हेरफेरको प्रस्ताव आएपछि यसका बिरुद्ध यी प्रदर्शन, बिरोध र मुठभेडहरु भैरहेका छन्। धेरैले यो संशोधनको प्रस्तावलाई राष्ट्रघातीको संज्ञा पनि दिएका छन्। यो अवस्थामा एकातिर संसदीय राजनीतिक पार्टीहरुबीच, पश्चगामी संविधान जारी गर्ने दलहरुका बीचमा अन्तर्विरोध चर्किएको छ भने विदेशी हस्तक्षेप पनि झन् बढी खुला किसिमले अगाडि आएको हुनाले देशभक्त नेपालीलाई यसका बिरुद्ध संघर्ष गर्ने भावनालाई जगाउने काम पनि गरिरहेको छ। यसका साथै यस प्रकारको स्थितिमा आफूले के भूमिका खेल्ने भन्ने विषयमा अन्यौलको स्थिति पनि देखापरिरहेको छ। प्रस्तुत लेख यिनै विषयको सेरोफेरोमा केन्द्रीत छ।

संविधान संशोधन गर्ने कि नगर्ने ?

कठ्पुतली सरकारद्वारा प्रस्तुत जारी गरिएको संविधानका केही धाराहरु संशोधन गर्ने कि नगर्ने भन्ने विषयमा आज संसदवादी पार्टीहरु मुख्यतः दुई खेमामा बाँडिएका देखिन्छन्। एउटा पक्षको नेतृत्व नेकाले गरिरहेको छ भने अर्को पक्षको नेतृत्व एमालेले गरिरहेको छ। कतिपय प्रतिकृयावादी पार्टीहरु कतैपनि नलागे जस्तो गरेर यो अन्तर्विरोध चर्किएको मौकाको फाइदा उठाएर केही मन्त्री पदहरु हत्याउन पाइन्छ कि भनेर त्यसैको चाहारीमा दिन रात कुदिरहेका छन्। पहिले संशोधन प्रस्ताव आफूहरुसँग सरसल्लाह गरेर नल्याइएकोमा र त्यसले आफ्ना सबै मागहरुलाई सम्बोधन गर्न नसक्ने भएकाले आफूहरु त्यस प्रस्तावको बिरोधमा रहेको भनेर वक्तव्यबाजी गर्ने मधेश केन्द्रीत दलहरु भारत सरकारबाट उक्त संशोधनलाई समर्थन गरिसकेपछि चुपचाप संशोधनको पक्षमा उभिन पुगेका छन्। त्यसमा अहिले आएर बाबुराम भट्टराई पनि थपिएका छन्। यदाकदा प्रस्तुत संशोधनमा परिमार्जन गर्नुपर्छ भनेर मधुरो स्वरमा भन्ने काम पनि गरिरहेका छन्। यसबाट यो संशोधन प्रस्तावको वास्तविक प्रस्तावक को हो भन्ने बुझ्न पनि सजिलो भएको छ।

यसको अर्थ यो संशोधनको विरोध गर्ने पक्ष प्रगतिशील हो त ? यो पक्ष शोषित, उत्पीडित नेपाली जनताको पक्षमा र नेपाल राष्ट्रको पक्षमा उभिएको छ त ? त्यो पनि होइन। संशोधनको बिरोध कुन प्रयोजनका लागि गरिएको हो भन्ने विषय निर्णायक महत्वको हो। बिरोध गर्ने पक्षको मुख्य माग भनेको यो पश्चगामी संविधानमा संशोधन गर्नु हुँदैन यसलाई यथावत् लागु गर्नुपर्छ भन्ने हो।

सारमा, न त यो पश्चगामी संविधानलाई संशोधन गर्ने काम नेपाली जनता र नेपाल राष्ट्रको पक्षमा छ न त यसलाई संशोधन नगरिकन यथावतै लागु गर्नु सही हुन्छ। मूलभूतरुपमा यो पश्चगामी संविधान मानिसकेपछि यसमा केही धारा संशोधन गर्नु वा नगर्नुले कुनै तात्विक अन्तर पार्दैन। मुख्य कुरा यो समग्र सविधान पश्चगामी भएको हुनाले यसलाई समग्रतामा खारेज गर्नुपर्छ भन्ने हो।

कुन चुनाव पहिले गर्ने ?

संसदवादी दलहरुका वीचमा अर्को विषयमा पनि झगडा चलेको छ - पहिले स्थानीय निकायको चुनाव गर्ने कि संघीय संसद्को ? वाह ! नेपालका संसदीय दलहरु जनताको आँखामा छारो हाल्न कति माहिर ! पश्चगामी संविधान बनाउन, त्यसलाई लागु गर्न चाहिँ एकमत हुने अनि त्यही पश्चगामी संविधानलाई लागु गर्नका लागि तीन तहका निर्वाचन आगामी ०७४ साल माघभित्र गर्नेमा पनि सहमति हुने, तर कुन चाहिँ निकायको निर्वाचन पहिले गर्ने भन्नेमा

... *बाँकी ७ पेजमा*

सम्पादकीय

खाँचो क्रान्तिकारी विकल्पको !

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका हिसाबले मुलुक इतिहासकै सबैभन्दा गहिरो संकटतर्फ धकेलिएको छ । यी समस्याहरुको समाधान वर्तमान संसदीय राजनीतिक व्यवस्था र संसदवादीहरुबाट सम्भव देखिएको छैन । विश्वभर असफलसिद्ध संसदीय व्यवस्था नेपालमा पनि पटक पटक असफलसिद्ध भइसकेको छ । विगतमा भएका दशवर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन र आदिवासी जनजाति/मधेश आन्दोलनसमेतको परिकल्पना संसदीय व्यवस्था थिएन, जनताको जनगणतान्त्रिक व्यवस्था थियो । तर युद्ध र आन्दोलनमार्फत् मरणासन्न अवस्थामा पुगेको संसदीय व्यवस्थालाई जनताको जनादेश विरुद्ध जबर्जस्त पुनर्जिवित गराइयो । परिणामतः पछिल्लो दशकमा नेपालमा गरिएको ‘लोकतान्त्रिक गणतन्त्र’ रुपी संसदीय व्यवस्थाको पुरानै अभ्यासले जनता आजित भएका छन् । पछिल्लो पटक सडकमा निस्किएको जनमत यही संसदीय व्यवस्थाविरुद्धको एउटा जनआक्रोश र विद्रोह पनि हो । यसको अर्थ जनताले संसदीय व्यवस्थाका विरुद्ध क्रान्तिकारी विकल्पको खाँचो महसुस गरिरहेका छन् ।

युद्ध र आन्दोलनमार्फत् अभिव्यक्त जनताका एजेण्डाहरुलाई सडकमै मिल्क्याएर युद्ध र आन्दोलनका तथाकथित् नेताहरु सिंहदरबार र बालुवाटार पसे । शासकीय मानसिकताबाट ग्रसित नेताहरुले विगतका प्रतिक्रियावादी शासकहरुकै पदचाप पछ्याए । देश र जनताको पक्षमा परिवर्तन महसुस गराउने कुनै काम गर्न सकेनन्, गरेनन् । उनीहरु यो वा त्यो नाममा पुरानै संसदीय व्यवस्थालाई मजबुत बनाउन लागे । संरचनागत रुपले नै फेरि पनि नेपालका श्रमजीवि, शोषित, उत्पीडित वर्ग र समुदायमाथि विभेद, शोषण, उपेक्षा लादियो । मुठ्ठिभर अभिजातवर्गीय हितरक्षा गर्ने व्यवस्थानुकूलको संविधान जारी गर्न पुगे । फलतः युद्ध र आन्दोलनमार्फत् राजनीतिक रुपले सचेत बहुसंख्यक शोषित-उत्पीडित वर्ग समुदायका जनताले त्यस्तो जनविरोधी संविधानलाई जारी नहुदै जलाइदिए र खारेज गरिदिए । तर फेरि पनि यो वा त्यो नाममा खारेज गरिदिएको संविधान जनतामाथि लाद्न खोजिदैछ भारतीय विस्तारवादको नीति निर्देशनमा । जसका विरुद्ध जनआक्रोश चुलिदै गएको छ र जनता स्वतःस्फूर्त सडकमा निस्किन थालेका छन् ।

सडकमा क्रान्तिकारी राजनीतिक शक्तिको कमजोर उपस्थिति हुँदा परिवर्तनकामी र राष्ट्रप्रेमी जनतालाई ‘नेकपा (एमाले)’ नामको संसदवादी, यथास्थितिवादी तथा पश्चगामी सोच भएको पार्टी र संसदवादी नेताहरुले नै जनतालाई भ्रम दिन सफल भइरहेका छन् । विगतमा थुप्रै राष्ट्रघात र जनघातका काम गरेको एमाले रातारात राष्ट्रवादी हुन सक्दैन । ओलीको राष्ट्रवाद भनेको नक्कली राष्ट्रवाद नै हो । त्यो भनेको दिल्लीका शासकहरुसँगको ‘मिस अन्डरस्ट्याण्डिङ्गको बाइप्रोडक्ट’ मात्रै हो । यो भनेको उसँगको वार्गेनेङ्गिको बाइप्रोडक्ट पनि हुनसक्छ । देश र जनतालाई केन्द्रविन्दुमा राखेर हार्दिक रुपले जन्मिएको राष्ट्रवाद होइन । यसर्थ, ओलीको राष्ट्रवाद भनेको नक्कली राष्ट्रवाद नै हो । र पनि उनी मार्काको पंक्तिले आम स्वाभिमानी तथा राष्ट्रवादी जनतालाई भ्रमदिन सफल भइरहेको छ । यसको अर्थ क्रान्तिकारी राजनीतिक शक्तिको उपस्थिति र अवस्था कमजोर छ ।

यस पृष्ठभूमिमा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) र नेकपा (माओवादी)ले मूलतः राष्ट्रियताको सवालमा हालै गरेको कार्यगत एकताको घोषणाले विशेष अर्थ र महत्व राखेको छ । तीन वामपन्थी पार्टीहरुको यो पहलकदमीले ओली राष्ट्रवादको भ्रमलाई चिर्दै जनताको वास्तविक राष्ट्रवादी र क्रान्तिकारी धारालाई स्थापित गर्न सक्नेछ । आम देशभक्त, वामपन्थी र क्रान्तिकारी शक्तिहरु यसै धारा वरिपरि गोलबन्द हुन जरुरी छ । राष्ट्रवादको यो धाराले मात्र वास्तविक अर्थमा मुलुकलाई भारतीय विस्तारवादको सिकञ्जाबाट मुक्त बनाउन सक्नेछ । र, यो नै नेपाली जनताको लागि ‘क्रान्तिकारी विकल्प’ पनि हुनेछ । यो विकल्पलाई सुदृढ तुल्याउने दिशामा वामपन्थी र क्रान्तिकारी नेता कार्यकर्ताहरुले विशेष ध्यान पुऱ्याउन र पहलकदमी लिन जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निशपक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

स्थानीय निर्वाचनको घोषणा : मुलुकलाई फर्काईदैछ २०४७ तिर !

१) तीन दलको सहमती : स्थानीय निकायको निर्वाचन !

ने.का., एमाले र मा.के.ले भन्दै आएको कथित ९० प्रतिशत मतबाट निर्माण गरिएको नयाँ संविधान कार्यान्वयनमा जान सकेन । कार्यन्वयनमा संविधानलाई लैजानका लागि संसद सचिबालयमा संशोधन प्रस्ताब प्रचण्डको सरकारले दर्ता गराएको थियो तर एमालेको अवरोधको कारण संसदमा छलफल हुन सकेन । अव प्रचण्डको सरकार संविधान संशोधनको प्रस्ताव अघि बढाउन सक्ने अवस्थामा पुगेकोछ तर बैशाख पहिलो साताभित्र पुरानै संरचनामा स्थानीय निकायको निर्वाचन गर्ने स्थितिमा पुगेको देखिन्छ । काग्रेस, एमाले र मा.के.का नेतृत्वले “सरकारले संविधान संशोधनको प्रस्ताव अघि नबढाउने, एमालेले संसदको अवरोध हटाउने र स्थानीय तहको निर्वाचन घोषणा गर्ने ”सहमति अनुरुप “छिटै निर्वाचनको मिती घोषणा हुनेछ” ।

नयाँ संविधानले राज्यको तीन तहको संरचना बनाएकोछ : केन्द्र (संघ), प्रदेश र स्थानीय तह । संघीयताको मर्म अनुसार केन्द्र (संघ) र प्रदेशमा शक्तिको बाँडफाँड हुने गर्दछ । तर यो संविधानले राज्यशक्तिको बाँडफाँडमा प्रदेशलाई नभएर स्थानीय तहलाई बलियो बनाएकोछ । स्थानीय तह अन्तरर्गत गाउँपालिका र जिल्लासभा रहेकोछ । सरकारले स्थानीय तह गठनका लागि एउटा आयोग बनाएकोछ र त्यसले छिट्टै प्रतिवेदन बुझाउँदैछ । तर नयाँ संविधानका निर्माता तीन दलका नेतृत्वले उक्त प्रतिवेदनको मिति समेत नपर्खेर पुरानै संरचनामा स्थानीय निकाएको निर्वाचन मितिघोषणा गर्ने हतार गरेकोछ । संसदीय पुँजीवादी व्यवस्थाको मूल कुरो भनेको नै संविधान संशोधनबाटै आफूलाई अपडेट गर्दै जाने हो । तर प्रचण्ड,शेर बहादुर र खड्ग ओलीले न त संविधान संशोधनकै बाटो लिए न स्थानीय आयोगकै प्रतिवेदन पर्खने आँट गरे, किन ? किन भने २०४७को संविधानलाई विश्वकै उत्कृष्ट संविधान भन्ने ने.का. र एमालेका वर्तमान नेतृत्वका अगाडि प्रचण्डले लम्पसार परेको कारण पुरानै संरचनामा स्थानीय तहको निर्वाचनमा मुलुक लगिँदैछ जुन संघीयताको विपरित कुरो हो ।



सीताराम तामाङ

२) नयाँ संविधान : खोस्टो कागजमा परिणत :

हाम्रो पार्टीले संविधानसभा -१ को अन्त्य गरेर ने.का., एमाले र एमाओवादीको सिण्डीकेटले विदेशीको निर्देशनमा गरेको कथित संविधानसभा -२ को निवाचनबाट निर्माण गरेको संविधानलाई प्रतिकृयावादी संविधान भनेकोछ यद्यपि त्यसमा उल्लिखित गणतंत्र, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक प्रतिनिधि लगायतका कतिपय विषय मात्रामा सकारात्मकछन् । तर ती मात्रामा सकारात्मक लेखिएका कुराहरु पनि संविधानसभामा लतारिएर आएका एमाले र न.का.का वर्तमान नेतृत्वलाई मन परेको थिएन । उनीहरुले बारम्बार धर्मनिरपेक्षता, संघीयता र पूर्ण समानुपातिक प्रतिनिधित्वको विरुद्ध बोल्ने गरेका छन् । भारतका मोदीलाई खुसी पार्न धर्म निरपेक्षताका विरुद्ध बोलेकाछन् भने मधेसी, जनजाति, महिला र दलितलाई अधिकार विहीन तुल्याउन संघीयता र पूर्णसमानुपातिक प्रतिनिधित्वको विरोध गरेका छन् । त्यसै भएर नयाँ संविधानमा नाम मात्रको धर्मनिरपेक्षता तथा नाम र ठेगाना नमिलेको संघीय संरचना बनाइयो जसको विरोध हुनु स्वभाविक थियो र भयो । ओली प्रधानमन्त्री हुँदा संघीय प्रदेशको नामाङ्कन नटुङ्याइकनै स्थानीय निर्वाचन गराउनका लागि स्थानीय तहको सीमाङ्कन गर्न आयोग बनाइएका भनिएको थियो जुन संघीयताको मर्म र भावना विपरित थियो । अहिले उनैले संविधान संशोधनका विरुद्ध जेहाद छेडेका छन् र “संघीयतालाई जर्वजस्ती मान्दै आएकाले” यो ऐन मौकामा त्यसलाई कागजको खोस्टामा परिणत गर्ने प्रथम हतियारको रुपमा पुरानै संरचनामा स्थानीय तहको निर्वाचनमा जान समेत तयार भएकाछन् । त्यस कुरामा सेर बहादुर र प्रचण्डको पनि सहमति भएकोले पुरानो संरचनामा स्थानीय निर्वाचन हुने निश्चित देखिन्छ । संविधानसभा -१ लाई अन्त्य गर्ने तीन दलीय सिण्डिकेटको लक्ष २०४७ सालको संविधानतर्फ फर्कने थियो । अहिलेको संविधानलाई कागजको खोस्टोमा परिणत गर्न सक्दा त्यो उदेश्य पुरा हुनेछ र त्यो कामको थालनी भएकोछ ।

३) क्रान्तिकारीका लागि वातावरण अनुकूल :

नेपालको राजनीति छिटोछिटो प्रतिकृयावादी दिशामा बढ्दैछ जसले गर्दा २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनका उपलब्धीहरु सम्पूर्ण गुम्ने खतरा बढेकोछ । सामाजिक सदभाव पूर्ण खल्बलिएकोछ, राजनीति पूर्णतः २०४७ सालको संविधानतर्फ फर्काइदैछ, राष्ट्रियता संकटपूर्ण बढ्दैछ, राजनीतिक नेता र सांसद मोटाउने तर जनता झनै बेरोजगार, कमजोर र असुरक्षित हुँदैछ । यो अवस्थामा “भाई फुटे, गवार लुटे” हुन सक्तछ । बाहिरी निर्देशनमा कुनै अतिवाद हावि हुन सक्ने र त्यसबाट देश र जनताले अकल्पनीय दुःख कष्ट उठाउनु पर्ने स्थिति हुन सक्नेछ । तर एउटा के कुरा स्पष्ट हुँदैछ भने नेपालमा दलाल तथा नोकरशाही पुँजीपतिवर्ग र सामन्ती तत्वहरुले राज गर्ने दिनले विदा लिँदैछ । यो एक किसिमले क्रान्तिकारीका लागि अनुकूल स्थिति पनि हो । यस संगीन अवस्थामा क्रान्तिकारी शक्तिहरु तथा अग्रगामी शक्ति, तह र तव्काका जनसमुदाय गोल्बन्द भएर देशी, विदेशी प्रतिकृयावादी तत्वहरुका विरुद्ध लोहा लिन सक्नु पर्दछ । प्रतिकूल परिस्थितिलाई क्रान्तिको अनुकुल स्थितिमा फेर्ने कोशिष गर्नु अहिलेको आवश्यकता हो । हाम्रो पार्टीले त्यसको पहल गर्न सक्नु पर्दछ । अब हामीलाई प्रतिकृयावादी निर्वाचनतर्फ मोडिन होइन समयले नयाँ जनविद्रोहको नेतृत्व गर्नतर्फ डोरिन माग गरेकोछ । सबैलाई चेतना भया !

२०७३।०९।०१

बेमौसमको बाजा, स्थानीय निर्वाचन

केन्द्रीकृत शासनले थोपरेका तमाम विकृति विसंगतिलाई अन्त गर्ने उद्देश्यका साथ नेपाली जनताको उत्सर्गले गणतान्त्रिक व्यवस्थाको प्रार्दुभाव भएको हो । वर्तमान अवस्थासम्म आइपुग्दा हजारौ नेपाली जनताका छोराछोरीको गौरवपूर्ण वलिदान रहेको पाइन्छ । गौरवपूर्ण आन्दोलनका क्रममा कैयौं आजसम्म पनि अपाङ्ग, अंग भंग भएर दुःखपूर्ण जीवन विताइरहेका छन् । कैयौं वेपत्ता योद्धाहरुको खोज खबर हुन सकेको छैन । यसरी भएको जनताको संघर्षबाट वर्तमानको अवस्था कथित ठूला दलका रवैयाले धर्मराउन थालेको आभास भएको छ ।

संविधानसभाबाट संविधान बन्नुपर्ने लामो समयदेखिको जनआवाज तथा जनपक्षीय संविधान निर्माणको अपेक्षा गरिएको पहिलो संविधानसभाबाट संविधान बन्न नसक्दा पुनः सविधानसभाको दास्रो निर्वाचनपूर्वको अवस्थादेखि नै जनताका प्राय अधिकारमाथिको कटौतिको अभ्यास भएको देखिन्छ । दलविहीन सरकारको गठनको पृष्ठभूमि विधमान सबै राजनैतिक पार्टीलाई समेट्ने प्रयास गरी मनोमानी र सर्वसत्तावादी सोचको परिणत नै वर्तमानको अन्योलको परिणाम हो । राजनैतिक दलले आफ्नै प्रतिवद्धता बिर्सनु र ठूला दलले अझ साना दललाई पेलेर जानुपर्छ भन्ने सोच र दम्भका साथ अँध्यारो कोठामा ढंग नपुऱ्याई गरेका निर्णय लादिँदै जाँदाको परिणाम वर्तमानको अवस्था सृजना भएको हो । यस बाहेक परम्परागत विदेशी शक्तिसंग घुँडा टेक्दै जनतालाई सुरक्षित गर्न नसक्नु, नचाहानुको परिणाम पनि हो ।

अलि अगाडिको कुरा बिर्सने हो भने पनि ०६२/०६३ को आन्दोलनले भएको पविर्तनमा नेपाली जनताको जीवनस्तरमा के परिवर्तन भयो ? जनताले प्राप्त आफ्ना गणतान्त्रिक हक अधिकारको कसरी उपयोग गरिरहेका छन् ? किसानले के पाए ? शिक्षा, स्वस्थ्य, रोजगारी जस्ता आम जनतासंग जोडिएका तमाम क्षेत्रमा के कस्ता उपलब्धि भए ? नेपाली जनतालाई राहात मिलेको छ ? यस बारेमा समीक्षा गर्ने वेला आएको छ । यसरी समीक्षा गर्दा जनतालाई बाँडिएका आश्वासन र प्रतिवद्धता झुट्टा सावित हुँदैछन् । जनतासँग गरिएका बाचा, प्रतिबद्धता झुट्टा थिए र जनतालाई संघर्षमा उत्प्रेरणा दिँदै साहदत गराउन कथित राज्ययन्त्रको धुरीमा पुग्नु, स्वदेशी विदेशी प्रतिक्रान्तिकारी र दक्षिणपन्थीहरुसँग घुँडा टेक्दै आत्मसमर्पण नीतिको पिछलग्गु बन्दै विदेशी प्रभूहरुलाई रिझायाएर सत्ता प्राप्ति एवं सत्ताको आयु लामो बनाउने प्रयत्नमा मात्र सीमित हुँदा जनताका न्यायोचित कुर्बानीलाई बिर्सनु हो । जनताको रगत पसिनाको बलबाट सत्ता प्राप्त गरी पुनः जनतालाई दमन गर्न उद्दत हुनुले आन्लोलनका उपलब्धि एकपछि अर्को गुम्ने मात्र होइनन्, एकपछि अर्को आत्मसमर्पणको श्रृंखला पनि थपिँदै जानु हो । वर्तमानको अन्यौलपूर्ण अवस्था त्यसैको परिणति हो ।

अधिवक्ता मनोहर (लामिछाने)

वर्तमान राजनैतिक परिदृश्यमा देखिएका अन्य राजनैतिक पार्टीभन्दा माओवादी केन्द्रले यस बारेमा अलि बढी सोच्नुपर्ने हो । त्यसो गरेको देखिँदैन, पाइदैन । माके अब अपेक्षा गरिएभन्दा कोषौं टाढा आफ्नो वर्गकित्ता परिवर्तन गरिसकेको छ । कमाउ धन्दा र जाल झेलको पर्यायवाची बनेको पाइन्छ । वर्तमान सरकारको गठनदेखि हालको संविधान संशोधन प्रस्तावको श्रृंखलासम्म आइपुग्दा यसले अख्तियारी गरेका नीति र कार्यहरु पछिल्लो उदाहरणको रुपमा लिन सकिन्छ । वर्तमान संविधान बन्नुपूर्व नै परिवर्तनकामी राजनैतिक पार्टीहरुलाई पेलेरै अगाडि बढ्नुपर्छ भन्ने मान्यता अख्तियार गर्दा ठूलो संख्याले संविधान सभाको चुनाव बहिष्कार गरेर आफ्नो विमती जनाएको कुरा बिर्सिएको पाइन्छ । सबैमा स्वमित्व हस्तान्तरण हुन नसकेको दोस्रो संविधानसभाको चुनावले चुनिएका सभासद्हरुबाट पनि सर्वस्वीकार्य हुन नसक्नुको कारण पनि पूर्ववत सर्वसत्तावादी चिन्तन र विदेशी चलखेल नै प्रमुख कारण हो । कथित फाष्ट्र्याकको विधि अपनाई हतारमा घोषणा गरिएको वर्तमान संविधान निल्नु न ओकल्नु सावित हुँदैछ । गलगाँड सावित हुँदै गएको वर्तमान संविधान संशाधनको प्रकृया सजिलै टुङ्गिने र एउटा निश्चित गतिमा देश अगाडि बढ्नुभन्दा संशोधन नै संशोधनले कुरुप नै हुने हो की शंका गर्नुपर्ने प्रशस्तै संम्भावना रहेको देखिन्छ । समय सापेक्ष संविधान संशोधन, परिमार्जन, हुनु अन्यथा होइन । परिवर्तन हुनु पर्दछ, गर्नुपर्दछ । तर केही समय त टिक्नु पर्दछ । समाज परिवर्तन, जनताका आकांक्षा, नविन पद्धति आदि परिवर्तनका संवाहकहरु हुन् । यसो नहुँदा घोषणा हुँदै कार्यान्वियन नहुँदै संशोधनका आवाज तीव्र रुपमा आउँदा राजनैतिक पार्टी, हाम्रा संसद कति परिपक्व रहेछन् । कति परिपक्व रहेछन् त्यसबारेमा किन समीक्षा नगर्ने ?

वर्तमानमा संविधान संशोधनको प्रस्ताव पेश गरिएको छ । त्यो स्वयंमा पूर्ण छैन । वर्तमानको निकास पनि होइन । संविधानको विषयवस्तु बरु जनपक्षीय व्यवस्था, वैज्ञानिक सिमाङ्कन, हिजोका बाचाबन्धन समेट्नु पर्दथ्यो । नागरिकता, एउटा प्रदेशको सिमा हेरफेरले जनताको भावनालाई समेट्न सक्दैन । अझ हाँस उठ्दो कुरा संविधान संशोधनको प्रस्ताव मुल्तवी राखेर स्थानीय निर्वाचनको

... बाँकी ७ पेजमा

क्रान्तिकारी माओवादीमा ध्रुवीकरणको लहर बढेको छ

हरिभक्त कँडेल 'प्रतीक'
प्रवक्ता, नेकपा (क्रान्तिकारी माओवादी)

> *आर्थिक स्वार्थप्रति तल्लीन समाज र विचारविहीन जस्तो भएर साम्राज्यवादको गोटीजस्तो भएको छ । निम्न पुँजीवादी संकीर्णता र तत्कालीन स्वार्थप्रति लिप्त व्यापारवादको प्रभावमा परेर क्रान्तिबाट विचलित हुँदै क्रान्तिकारी पार्टीमा टुट्फुट र विभाजनहरु भएका छन् । यसबाट शिक्षा लिंदै सच्चा कम्युनिस्टहरु निष्ठाका साथ नयाँ जनवादी क्रान्तिका लागि जनविद्रोहको तयारीमा केन्द्रित हुनु अहिलेको आवश्यकता हो ।*
>
> ”

संविधान संशोधन प्रस्तावविरुद्ध उर्लदो जनआक्रोश, सरकारको पुरानै संरचनामा चुनावको तयारी, राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरुमाथि गहिरिदो संकटलगायत राष्ट्रिय राजनीतिका पछिल्ला घटनाक्रमलाई कसरी हेरिरहनु भएको छ ?

-संविधान संशोधन प्रस्तावमा ल्याइएका विषयहरु राष्ट्रिय आवश्यकता तथा जनचाहना विपरीत छन् । यो भारतीय विस्तारवादी शासक वर्गलाई विश्वस्त पार्दै दलाली-चाकडी गरी सत्तामा टिकीरहने कोणबाट आएको वर्तमान सत्ता गठबन्धनको प्रस्ताव हो । विस्तारवादको अझै अनुकूल बनाउने कोणबाट पनि चलखेल भइरहेका छन् । यो संविधान सारमा प्रतिक्रियावादी चरित्रको भएकोले संशोधन होइन कि यसको खारेजी गरी उत्पीडित वर्ग र समुदायको हकहितको संरक्षण गर्ने राष्ट्र र राष्ट्रियतालाई बलियो बनाउने अवस्थाको नयाँ ढङ्गले संविधान नलेख्दासम्म जनआक्रोश बढिरहन्छ ।

प्रायः भारतीय शासक वर्गको चाहना अनुरुप सत्ता समीकरण बन्ने, भत्कने र फेरि बन्ने हुँदै आएकोले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नहरु हमेशा ओझेलमा पर्ने मात्र होइन कि झन् पछि झन् सङ्कट थपिंदै आएको यथार्थता हो । यसै चपेटामा राष्ट्र र जनता घुन झैं पिसिइरहेका छन् । पुरानै संरचना वा अहिले भनिदै आएको नयाँ संरचनापछिको चुनाव भन्ने विषय सरकारमा को कसरी पुग्ने र हावी हुने होडबाजीकै खेलमा मात्र हो । त्यसमा कुनै तात्विक अन्तर छैन । यो केवल असफल संसदीय व्यवस्थालाई सुदृढ पार्ने र प्रतिक्रियावादी व्यवस्था टिकाउने उद्देश्यले परिचालित भएकोले यो कुनैपनि खेलले अस्थिरता र प्रतिगमनलाई नै सहयोग पुऱ्याइरहेको अवस्था हो । यस परिस्थितिलाई सच्चा कम्युनिस्टहरुले आत्मसात गरी क्रान्तिका मित्रशक्तिहरुलाई गोलबन्द गरी नेतृत्व गर्ने र नयाँ ढंगबाट भरपर्दो आन्दोलन उठाउन चौतर्फी पहलकदमी लिनुपर्छ ।

२५ बुँदे राष्ट्रघाती वक्तव्यपछिका राष्ट्रिय स्वाधीनताविरोधी गतिविधिहरुलाई चाहिं कसरी नियालीरहनु भएको छ ?

नेपाल र भारत सरकारका प्रमुखहरुको २५ बुँदे संयुक्त वक्तव्यले सन् १८१६ को सुगौली सन्धी १९५० को असमान सन्धि सम्झौता र त्यसपछि भारतसँग भएका सम्पूर्ण राष्ट्रघाती जनघाती सहमती र सम्झौताहरुलाई नवीकरण गरी नेपाल अब भारतको संरक्षित राष्ट्र बनाउने दिशामा धकेलेको छ । भारत यिनै राष्ट्रघाती सन्धिसम्झौतासहित २५ बुँदेलाई अधिकतम आफ्नो अनुकूलतामा प्रयोग गर्न नेपाल विरुद्ध राष्ट्रिय स्वाधीनता विरोधी गतिविधिहरु आफ्ना दलाल मार्फत् थोपर्न चाहन्छ । यसले नेपाल नवउदारवाद र नवऔपनिवेशिक अवस्थाको उत्पीडनमा धकेलिन पुगेछ । यसका विरुद्ध सम्पूर्ण राष्ट्रवादी शक्तिहरु एकजुट भई सङ्घर्षलाई बुलन्द गर्नुपर्दछ । आवश्यकता परे देश जोगाउन राष्ट्रिय युद्धको सामना गर्ने सोचका साथ लाग्नुपर्दछ ।

राष्ट्रियता, जनतन्त्र र जनतन्त्रको मुद्दामा राष्ट्रिय तथा क्षेत्रीय पार्टीहरुसँग सहकार्य गर्न सकिने सम्भावना चाहिं कस्तो देख्नुहुन्छ ?

यस खालका मुद्दामा अब कम्युनिस्ट क्रान्तिकारी मात्र नभएर सबै देशभक्त र राष्ट्रवादी शक्तिहरु मिल्नसक्ने बुँदाहरुमा कार्यगत एकता गरी प्रभावकारी सङ्घर्ष उठाउन सकिन्छ । त्यसप्रकारका प्रयत्नहरुमा हाम्रो पार्टी लगातार लागिरहेको छ र अस्तिमात्र हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) नेकपा (माआवादी) र नेकपा (मसाल)ले राष्ट्रियताको मामलामा कार्यगत एकता गरी संघर्षलाई व्यवस्थित र निरन्तर रुपमा अघि बढाउने निर्णय लिइएको छ । यसका अतिरिक्त जनतन्त्र र जनजीविकाका मुद्दाहरुमा अझ ठूलो घेरा बनाएर संघर्ष उठाउने छलफल पनि भएको छ । यसको प्रवल सम्भावना छ । यसबारे गम्भीर भएर लाग्न नितान्त जरुरी छ ।

पुष ७ बाट पार्टीको केन्द्रीय समितिको बैठक बस्दै हुनुहुन्छ, बैठकमा कुन कुन विषयमा छलफल हुन्छ ?

पार्टीको राष्ट्रिय सम्मेलन, अहिलेको राष्ट्रिय राजनीतिमा उठेका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरु, संघर्षका कार्यक्रमहरुका साथै पार्टीका आन्तरिक कामलाई व्यवस्थित गर्ने विषयमा नै हुनेछन् । यसबारे पार्टीले निर्णय लिइसकेपछि सम्बन्धित विषयहरु सार्वजनिक गरिनेछन् ।

यो बैठकले राष्ट्रिय राजनीतिको चक्रव्यूह तोडेर अघि बढ्ने योजना ल्याउँछ ?

संसदीय आहालमा डुबेका पार्टीहरु सरकारमा कसरी पुग्ने र त्यसैमा लट्पटिएर लुट र सुविधानको निरन्तरता दिने लडाईंमै व्यस्त छन् । यसैको लागि पार्टी/पार्टीका संघर्ष र पार्टीभित्र गुटगत संघर्ष छ्याडछ्याङ्ती देखिएकै छ । यो राष्ट्रिय राजनीतिमा हावी भएको विषय हो । यसले चौतर्फी प्रदुषण छरिरहेको छ । सच्चा कम्युनिष्टहरु खस खालका प्रदुषण, क्रियाकलाप र व्यवस्थाका विरुद्ध सिद्धान्तनिष्ठ एकता गरी ध्रुवीकृत भएर जाने र अन्यले इस्युवाइज मिल्न सक्ने कुरालाई लिएर मोर्चावन्दी गर्दै निरन्तर एकल वा संयुक्त संघर्ष गर्न हामीले पहल गरिरहेका छौं । यसले अवश्य सार्थकता पाउनेछ ।

आजको धरातीय यथार्थमा उभिएर हेर्दा नेपालमा नयाँ जनवादी क्रान्ति कत्ति सन्निकट देख्नुहुन्छ ?

राष्ट्रिय राजनीतिमा जुन खालको तरलता र संकट चुलिदैछ, त्यसले अन्तरविरोधलाई चर्काएकै छ । प्रतिक्रियावादी व्यवस्था पुरानै तरिकाले चल्न नसक्ने भएका छन् । संसदवादी पार्टीहरु तीव्र अन्तरविरोध र संकटग्रस्त बन्दै गएका छन् । यो क्रान्तिका लागि अनुकूल वस्तुगत स्थिति मान्नुपर्दछ । घरेलु प्रतिक्रियावाद मात्र नभएर साम्राज्यवादीहरुका बीचका पनि वैचारिक संकटले आफ्नो वर्चस्व लिन अन्तरविरोधहरु चर्किएका छन् ।

कम्युनिष्टहरु अहिले रक्षात्मक अवस्थामा रहेको र आत्मगत अवस्था कमजोर छ । यसको समाधान गर्न आत्मगत अवस्थाको पनि त्यत्तिकै अनुकूलता र भरपर्दो शक्तिका रुपमा विकास गर्न तयारीका साथ जे जति छिटो गरेर लैजान सकिन्छ, नयाँ जनवादी क्रान्तिको त्यत्तिकै संन्निकट हुन्छ ।

विश्व साम्राज्यवादको बदलिंदो अवस्था र त्यसले पैदा गरेका चुनौतीहरुका विरुद्ध कार्यदिशा समृद्ध गर्ने, त्यसको कार्यान्वयन गर्ने पार्टी, संगठन र संघर्षको आवश्यकता आजको माग हो । अहिले प्रभावकारी संघर्ष हुन नसकेको र संगठन कमजोर भएको रक्षात्मक अवस्था हो । परन्तु, यो अस्थायी अवस्था हो । विद्रोहको वातावरण बन्दै गएकोले पार्टी र त्यसको नेतृत्वदायी टीमबद्ध प्रयास अझै बढाउनु पर्दछ ।

क्रान्तिका निम्ति आत्मगत र वस्तुगत चुनौतीहरु चाहिं के कस्तो देख्नुहुन्छ ?

यसबारे केही कुराहरु उल्लेख भइसके । जनयुद्ध र जनआन्दोलनमा उठाएका एजेण्डाहरु अहिले पनि यथतावतै छन् । कतिपय विषयहरु त झन् जटिल र संकटग्रस्त बनेका छन् । प्रतिक्रियावादी र यथास्थितिवादी शक्तिहरु क्रमशः हावी हुँदै गएर असफल संसदवादी व्यवस्था सुदृढ गर्न अनेक प्रकारका जालझेल, षड्यन्त्र भइरहेको छ । यसले उत्पीडक र उत्पीडित वर्ग र समुदाय बीचको अन्तरविरोध झनै चर्काएको छ । उत्पीडित वर्ग र समुदायबीचको सत्तालिप्साको अन्तर्विरोध सतहमा आएकोले क्रान्तिको लागि अनुकूलता बन्दै गएको छ ।

यो अवस्थाको साम्राज्यवाद खास गरेर भारतीय विस्तारवादले फाइदा उठाउँदै नवउपनिवेशलाई अरु सुदृढ गर्न चाहन्छ । यस अवस्थाको भरपूर उपयोग गर्न सच्चा कम्युनिष्टहरु र साम्राज्यवाद विस्तारवाद विरोधीहरु एकताबद्ध भई आन्दोलन उठिनसकेको अवस्था हो । यसमा पनि सच्चा कम्युनिष्टहरुको आत्मगत अवस्था कमजोर भएकोले प्रतिगमनलाई रोक्न कठोर मेहनत र साहसको आवश्यकता छ ।

पार्टीको पछिल्लो विभाजनदेखि अहिलेसम्म देशैभर पार्टीको सांगठनिक तथा राजनीतिक स्थिति चाहिं कस्तो पाउनु भएको छ ?

विचारधारात्मक क्षेत्रमा हामीले जुन स्पष्टताका साथ लड्यौं र दक्षिणपन्थी नवसंशोधनवादीमा आत्मसमर्पण गर्नेहरुलाई परास्त गऱ्यौं- त्यो अनुपातमा सांगठानिक क्षेत्र कमजोर नै देखापरेको छ । तथापि पछिल्लो चरणमा सबैखाले अवसरवादीहरुको भण्डाफोरको निरन्तरताले अवसरवादी कित्तामा रहेका कतिपय क्रान्तिकारीहरु र निष्क्रिय बसेका व्यक्तिहरुलाई क्रमशः फेरि नेकपा (क्रान्तिकारी माओवादी)मा आवद्ध भै ध्रुवीकरणले लहरको सुरुवात भएको छ । यसमा हाम्रो प्रयत्न अझै पुगेको छैन । यस दिशामा हाम्रो कडा मिहनत र समयको अन्तरालमा हुने थप स्पष्टताले हाम्रो पार्टी थप मजबुत बन्दै जाने राम्रा संकेतहरु देखापरेका छन् ।

क्षेत्रीय र विश्व राजनीतिमा पनि बढ्दो अमेरिका, चीन र भारतबीचको अन्तरविरोधले नेपालको नयाँ जनवादी क्रान्तिमा कस्तो असर पार्न सक्ने देख्नुहुन्छ ?

दक्षिण एशियाका भारतीय विस्तारवादको दादागिरी क्रमशः नाङ्गिदै गएको छ । यसले अमेरिकी साम्राज्यवादको सहयात्रामा यस क्षेत्रमा आफ्नो प्रभुत्वलाई थप सुदृढ गर्न चाहन्छ । तथापि यी शक्तिहरुका आ-आफ्नै स्वार्थ पनि टकराइरहेका छन् । विश्वमा एकछत्र नेतृत्व गरिरहेको अमेरिकी साम्राज्यवाद चीनको अर्थतन्त्र र सामरिक क्षेत्रमा गरेको विकासले झस्किएको छ । उसले चीनलाई अप्ठेरोमा पार्ने रणनीति अपनाइरहेको छ । एक चीननीतिविरुद्ध अमेरिका अहिले भारत र अन्य साम्राज्यवादी मुलुकको सहयोग लिई चीनलाई घेराकस्ने प्रयत्न गरिरहेको छ । यस्तै प्रशान्त महासागर र सीमा विवाद पनि एक हो । ब्रिक्सको जन्म पनि यसै अन्तरविरोधको एउटा कडी बनेको छ । अहिले यस प्रकारका अन्तरविरोधहरुको अन्तर साम्राज्यवादी अन्तरविरोध र शक्तिकेन्द्रहरुको बढ्दो हानथापको रुपमा चर्कदै गएको छ । यसैबीचबाट सर्वहारावर्गले फाइदा उठाउन आफ्नो कार्यदिशा र सांगठानिक अवस्थाको विकास गरी मुख्य दुश्मन साम्राज्यवाद र घरेलु प्रतिक्रियावादविरुद्ध क्रान्ति अगाडि बढाउनु पर्दछ । यो सम्भावना अहिले बढेर गएको छ ।

भारतमा जनयुद्धरत भारतीय माओवादीलाई हेर्ने पार्टीको दृष्टिकोणबारे बताइदिनु हुन्छ कि ?

लामो समयदेखि प्रतिक्रियावादी भारतीय शासकवर्ग र त्यसको सत्ता विरुद्ध भाकपा (माओवादी)ले सशस्त्र संघर्ष गर्दै नयाँ जनवादी क्रान्तिलाई अघि बढाउने कोशिस गर्दै आएको छ । भारतीय मुक्तिकामी जनता उत्पीडित वर्ग समुदायको मुक्तिको लागि गरेको भाकपा (माओवादी)को सशस्त्र संघर्षलाई समर्थन गर्दै आएको छ । सर्वहारा वर्गको एउटा टुकुडीको रुपमा भाकपा (माओवादी)ले गरेको संघर्षका गतिविधिप्रति हामी ऐक्यवद्धता प्रकट गर्न चाहन्छौं ।

पार्टीले राष्ट्रिय सम्मेलनको तयारी चाहिं कसरी गरिरहेको छ ?

राष्ट्रिय सम्मेलनको तयारीलाई केन्द्रमा राखेर हामीले विचारधारात्मक सांगठनिक, आर्थिक र संघर्षका कार्यक्रम व्यवस्थित गरेर लैजाने प्रयत्न भएको छ । यसलाई निश्चित उद्देश्यसहित अभियानात्मक ढंगले लैजाने हाम्रो कार्यक्रमलाई केन्द्रीय समितिको बैठकले मूर्त गर्नेछ ।

अन्तमा, छुटेका केही विषय छन् भने राखिदिनुस् न ।

उपयोगितावाद र उपभोक्तावादले गाँजेको अहिलेको धरातलले क्रान्तिप्रतिको निष्ठा र समर्पणलाई कमजोर बनाएको छ । आर्थिक स्वार्थप्रति तल्लीन समाज र विचारविहीन जस्तो भएर साम्राज्यवादको गोटीजस्तो भएको छ । निम्न पुँजीवादी संकीर्णता र तत्कालीन स्वार्थप्रति लिप्त व्यापारवादको प्रभावमा परेर क्रान्तिबाट विचलित हुँदै क्रान्तिकारी पार्टीमा टुट्फुट र विभाजनहरु भएका छन् । यसबाट शिक्षा लिंदै सच्चा कम्युनिस्टहरु निष्ठाका साथ नयाँ जनवादी क्रान्तिका लागि जनविद्रोहको तयारीमा केन्द्रित हुनु अहिलेको आवश्यकता हो । माओले भनेझैं ज्वारभाटाका विरुद्ध खडा हुनेले मात्र क्रान्तिद्वारा सुनौलो भविष्य चुन्न सक्नेछ । यसैको लागि एकीकृत र ध्रुवीकृत भइ योजनावद्ध ढंगले लागौं । तपाईहरुको यो जनप्रिय पत्रिकामार्फत् पार्टीका विषयमा र हाम्रो नीति कार्यक्रम र अवस्थाबारे राख्ने अवसर दिनुभएकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र विकासको कामना सहित हार्दिक धन्यवाद दिन चाहन्छु ।

‘उत्तर-सत्य’ पुँजीवादको चिन्ता र नेपाली सन्दर्भ

यहाँ मधेशको पहाड, हिमाल, मधेशी, आदिवासी-जनजाति, मुस्लिम, दलित, महिला, संघीयता, गैरसंघीयता, धार्मिकता, धर्मनिरपेक्षता, प्रदेश, उपप्रदेश सबै बहस छ। तर यी सबै बहसभित्र मजदुर-किसान, गरिब, समग्रमा श्रमजीवि वर्गको बहस कहि पनि छैन। समग्र मानवीय सभ्यताको यो आधारभुत प्रश्नलाई उपेक्षा गरेर हुने बहस, पुनःसंरचना वा शासकीय स्वरुपलाई न्यायपूर्ण कसरी भन्न सकिन्छ ?

रोशन जनकपुरी

विषय प्रवेश

नोभेम्बर, २०१६ को दिन विश्व प्रसिद्ध अक्सफोर्ड डिक्सनरीजले ‘उत्तर सत्य’ (पोस्ट ट्रुथ) शब्दावलीलाई वर्ष २०१६को सबभन्दा विशिष्ट शब्द, अथवा भनौ वर्ष शब्द घोषित गरेको छ। त्यसदिन न्यूयोर्क टाइम्समा लनुन विश्वविद्यालयको राजनीतिक अर्थशास्त्रका प्राध्यापक विलियम डेभिडले आफ्नो ‘द एज अफ पोस्ट ट्रुथ पोलिटिक्स’ नामक लेखमा भनेका छन्-‘हामी ‘उत्तर-सत्य’ युगमा बाँची रहेका छौं।’ यी दुवै घोषणा अमेरिकी राष्ट्रपतीय चुनावमा डोनाल्ड ट्रम्पको विजयीपछि आएको हो।

अक्सफोर्ड डिक्सनरीजको घोषणा र विलियम डेभिडको लेख दुवैमा प्रस्तुत कोणले पश्चिम प्रजातन्त्रप्रति निराशा र राजनीतिक वर्तमानप्रति क्षोभ, कुंठा, निराशा र आक्रोश मिश्रित व्यंग्य अभिव्यक्त गर्दछ।

घोषित वर्ष शब्द ‘उत्तर -सत्य’लाई अक्सफोर्ड डिक्सनरीजले अर्थ्याएको छ- “यस्तो समय जस्मा विशिष्ट विचार महत्वहीन र औचित्यहीन हुन जान्छ’; एउटा यस्तो समय जो ‘सार्वजनिक राय (वा सहमति) निर्माण गर्न तथ्यहरुको न्यून प्रभाव पर्ने वस्तुस्थितिसँग सम्बन्धित वा संकेतित, व्यक्तिगत भावावेश र व्यक्तिगत विश्वासमा आधारित हुन्छ।”

प्रसिद्ध बेलायती पत्रिका ‘द गार्जियन’का अनुसार अक्सफोर्ड डिक्सनरीजका अध्यक्ष क्यास्पर ग्राथओलले ‘ उत्तर-सत्य’लाई वर्ष शब्द घोषणाको क्रममा भने- “हाम्रो समयलाई परिभाषित गर्ने (यो) एउटा शब्द बन्यो भने म आश्चय मान्दिनँ।”

वर्तमानप्रति ग्राथओलको निरीहताको तुलनामा प्रोफेसर विलियम डेभिज व्यंग्यतात्मक र आक्रोशित देखिन्छन्। उनी आफ्नो आलेखको सुरुवात नै यसरी गर्दछन्- “पश्चिमा उदार लोकतन्त्रमा तथ्यहरु धार्मिकताजस्तै स्थान ओगटेका हुन्छन् । जतिबेला लोकतन्त्र बाङ्गिन थालेको दखिन्छ, जब मतदाताहरु उपयोग हुन थाल्छन् अथवा राजनीतिज्ञहरु प्रश्नहरुबाट मुख लुकाउने अथवा भाग्ने कोशिस गर्छन्, हामी उन्मुक्तिको निम्ति तथ्यतर्फ फर्कन्छौं।”

गत वर्ष जुलाई १७ २०१५मा ‘द गार्डियन’ मा व्रिटिस राजनीतिक अर्थशास्त्री पल मेसनको एउटा लेख छापियो। शिर्षक थियो- ‘द इन्ड अफ क्यापिटालिजम हैज विगन’ (पुँजीवादको अन्त्य सुरु भयो)। उनले सूचना संचारमा भएको व्यापक र अभूतपूर्व विकास र विशेष गरी ईन्टरनेट प्रविधिको विकासको कारण श्रम, ज्याला र बजारको निर्धारण शक्तिमा परिवर्तनको कारण मूल्यहीनता बढ्दै गएको तथा यसले गर्दा यसमा अधारित अर्थ-राजनीतिक प्रणालीको मूलधार स्थानान्तरित हुँदै गएकोले पुँजीवादको अन्त्यको सुरुवात भएको भनेका थिए। उनले यस संक्रमणलाई उत्तर पुँजीवादी समय भनेर पल मेसनको तर्क र निष्कर्षमा अनेकन काल्पनिकता, त्रुटीहरु थिए, तर उनको विशिष्टता के थियो भने उनले यस संक्रमणलाई मार्क्सवादी औचित्यको आधारमा स्वाभाविक भन्न खोजेका थिए। उनले यस संक्रमणबाट पश्चिमा पुँजीवादी समाज तर्सिन नहुने भनेका थिए।

तर, पल मेसनले यस संक्रमणलाई जति नै स्वाभाविक र आश्वस्तपूर्ण भनेपनि यूरोपियन यूनियनबाट अलग हुने बेलायती निर्णयको पक्षमा अभिव्यक्त जनमत (ब्रेक्सिट) र भर्खरै डोनाल्ड ट्रम्पको विजयले पश्चिमेली कथित उदार पुँजीवादी लोकतान्त्रिक समाज नराम्ररी भस्किएको देखिन्छ। वस्तुतः संकीर्ण राष्ट्रवादी र पुनरुत्थानवादी दक्षिणपन्थी चरित्रका यी दुई परिणामहरु निश्चितरुपमा जनताका निम्ति रुचिकर निर्णय होइनन्। तर पनि सबैलाई चकित पार्दै आएका यी परिणामहरुले आफूलाई उन्मुक्त, अग्रगामी र स्वतन्त्रतापूर्वक निर्णय गर्न सक्ने भनि दावी गर्ने पश्चिमा समाजको यान्त्रिक र नियोजित प्रचार र विज्ञापन उद्योग प्रारुप (एडभरटाइजिंग इन्डस्ट्री मोडेल)मा निरिहतापूर्वक कसरी जेलिएको छ भने स्थितिलाई नराम्ररी नङ्ग्याइदिएको छ।

तर यो पश्चिमको मात्र होइन, समग्र पुँजीवादी विश्व र यसमा आधारित विश्व राजनीतिक व्यवस्थालाई ‘कू’ प्रभावित गर्दैछ। डोनाल्ड ट्रम्प र बेलायती ‘ब्रेक्सिट’ मात्र होइन विगत २५ वर्षभित्र (स्वच्छन्द भनिएपनि) पुँजी र त्यसको हितमा समर्पित राज्यबाट संचालित सूचना, संचार र सोसल मिडिया (प्रचार-विज्ञापन उद्योग प्रारुप)को घोडा चढेर अस्ट्रेलिया, भारत, टर्कीमा उदाएको संकीर्ण राष्ट्रवादी सरकार र राजनीतिले राजनीतिक अर्थशास्त्रीहरुको ध्यान आकृष्ट गरेको छ। उनीहरुले यसलाई एकातिर तीव्ररुपमा विश्व व्यवस्थामा फैलिदै गएको उत्तर सत्य प्रवृत्तिको उदाहरण मानेका छन् भने अर्कोतिर मध्ययुगीन राष्ट्रवादतिरको फर्काई भनेका छन्। वस्तुतः यो अमानवीय र संवेदनाशून्य चरित्रको कारण पुँजी र पुँजीवादको बैश्विक विस्तारमा देखिएको गम्भिर र भयानक (सम्भवतः निर्णायक पनि) संकट हो। ‘गम्भीर र भयानक’ किन भनियो भने जुन संकीर्ण राष्ट्रवाद (सामन्तवाद)बाट मुक्त हुन अठारौँ शताब्दीमा पुँजीवाद प्रगतिशिल चरित्रको रुपमा विश्व व्यवस्थामा अवतरित भएको थियो, एकाइसौँ शताब्दीको प्रारम्भमा त्यस्तै संकिर्ण प्रकृतिको राजनीतिक बर्चस्व बढ्दै गएको छ। विडम्वना के छ भने यो संकट पुँजीवादले आफ्नो भविष्यको निम्ति जन्माएका आफ्नो ‘स्मार्ट’ प्रविधिको उपज हो। यसले पुँजीवाद अन्तिम विकल्प होइन भन्ने ऐतिहासिक सत्यलाई एक पटक फेरि प्रमाणित गरेको छ।

‘उत्तर सत्य’लाई हामी हाम्रै र छिमेकी राजनैतिक परिवेशमा समेत अनुभूति गर्न सकोस् हाम्रै छिमेकी देश भारतमा चुनावमा विजय प्राप्त गर्न जनहितकारी योजनाहरु होइन, प्रसान्त किशोर जस्ता विशेषज्ञ र उनको टिमको भाडामा लिएको र सफलता प्राप्त गरेको भारतीय जनता पार्टी र नरेन्द्र मोदीको सफल सरकारलाई उदाहरणको रुपमा लिन सकिन्छ। गजब त के छ भने यिनीहरु प्रसान्त किशोरलाई अव कांग्रेसले भाडामा लिएको छ।

नेपाली संस्करण :

हामी कहाँ नै हेरौं- सत्ताभित्र सरकार र प्रतिपक्ष एक आपसका विरुद्ध तरवार लिएर उभिएको छ। संघीयतावादीहरु सडकमा गर्जिरहेका छन्। विदेशी सहायतामा संचालित गैर सरकारी संस्था (गैसस-एनजिओ)हरुले समाजको तल्लो एकाइसम्म पुगेर तथ्य संग्रह गरीरहेको दावी गरिरहेका छन्। यी गैससहरुले राज्यजस्तै गरिबी, स्वास्थ्य, शिक्षा, भ्रष्टाचार, विकास, द्वन्द्व-समाजका सबै आयाममा गतिशील रहेको दावी गर्छन्। सबैका आ-आफ्ना तथ्य, तथ्यांक बहस र तर्कहरु छन्। यी तथ्य, तथ्यांक र तर्कहरु अत्याधुनिक सूचना-संचार र सोसल मिडियाको माध्यमबाट जनतासम्म पुग्दैछ। सबैले आ-आफ्ना तथ्यहरुलाई सत्यको रुपमा परिभाषित गरिरहेका छन्। गजब के छ भने यी कथित सत्य-तथ्यहरु एकअर्काका अन्तरविरोधी छन्। यसले हाम्रो परिवेशको गंजागोल स्थिति नङ्ग्याउँछ।

एउटा अर्को महत्वपूर्ण विन्दु के छ भने यी समग्र उथलपुथल ‘रुप’मा केन्द्रित छ ‘सार’ सबै ठाउँमा उपेक्षित छ। अथवा नियोजित रुपमा उपेक्षामा पारिएको छ। हामी कहाँ अहिले सबैतिर दुईवटा विषय ‘टप आँफ द लीड’ छ- राज्यको पुनःसंरचना र शासकीय स्वरुपको प्रश्न। राज्यको पुनःसंरचनाको विषयलाई लिएर मधेशवादी लगायत संघीयतावादी शक्तिहरु संसददेखि बहसरत् र संघर्षरत्त देखिन्छन्। त्यस्तै शासकीय स्वरुपको विषयलाई पारम्परिक चरित्रको सरकार र यसका स्थायी अंगहरु (न्याय, सुरक्षा, कर्मचारीतन्त्र) सक्रिय छ। तर यी राज्यको पुनःसंरचना वा शासकीय स्वरुप कसको निम्ति भन्ने प्रश्न कतै उठेको देखिँदैन। तात्पर्य के छ भने, राज्यको पुनःसंरचना होस् चाहे शासकीय स्वरुप- यी दुवैमा उत्पीडित वर्ग र समुदायको अधिकारको बहस गौण छ। यहाँ मधेशको पहाड, हिमाल, मधेशी, आदिवासी-जनजाति, मुस्लिम, दलित, महिला, संघीयता, गैरसंघीयता, धार्मिकता, धर्मनिरपेक्षता, प्रदेश, उपप्रदेश सबै बहस छ। तर यी सबै बहसभित्र मजदुर-किसान, गरिब, समग्रमा श्रमजीवि वर्गको बहस कहि पनि छैन। समग्र मानवीय सभ्यताको यो आधारभुत प्रश्नलाई उपेक्षा गरेर हुने बहस, पुनःसंरचना वा शासकीय स्वरुपलाई न्यायपूर्ण कसरी भन्न सकिन्छ ? तर वैचारिक त्रासदी के छ भने यस प्रकारका प्रश्न उठाउनेहरुलाई ‘अफ डेटेट’, ‘जड़’ र असान्दर्भिक भनिन्छ। यी भ्रमपूर्ण बहसहरुलाई अन्तिम सत्य सावित गर्न यहाँका चौविस घण्टे न्यूज च्यानलहरु, अर्धाकांक्षी बौद्धिकहरु स्याल भुकाई भैँ कोकोहोलो मचाईरहेका छन् र गोयबल्स सत्यलाई स्थापित गरिरहेका छन्- ‘एउटा भुठलाई सय पटक दोहोऱ्याइयो भने सत्यमा परिणत हुन्छ’। यसको प्रभाव कतिसम्म जब्बर छ भने नेपाली समाजको राजनीतिक परिवर्तनमा श्रमजीवि वर्गको प्रतिनिधि भन्ने कम्युनिष्ट पार्टीहरु समेतको एजेण्डामा पनि यो विषय उपेक्षित भैँ देखिन्छ। त्यहाँ, राष्ट्रवाद, विस्तारवाद, साम्राज्यवाद, संघीयता, सबैको निम्ति आन्दोलन छ, तर मजदुर-किसान लगायत श्रमजीवि वर्गको अधिकारको निम्ति कुनै ठोस आन्दोलन अथवा संघर्षको कार्यक्रम कतै देखिदैंन। परिणामतः स्वयम् श्रमजीवि वर्ग पनि राजनीति, पुँजी र ‘स्मार्ट र डिजिटल’ सूचना संसारको भ्रमात्मक माखेसांगलोमा परेर आफ्नै अधिकारको प्रश्नप्रति उदासिन रहन्छन् र सहायक र भिनामसिना मुद्दाहरुलाई नै मुख्य मानेर ज्यान गुमाउन समेत तयार हुन्छ। उ (श्रमजीवि वर्ग) यस सत्यप्रति उदासिन रहन्छन् कि वर्तमान संसदीय राजनीति व्यवस्थामा (जो वास्तवमा राष्ट्रिय-अन्तर्राष्ट्रिय पूजीपती वर्गको एजेण्टहरुको व्यवस्था हो)। राजनीतिक दलहरु आन्तरिकरुपमा जति अन्तरविरोधी देखिएपनि निर्णायक अवसरहरुमा एक हुने गर्दछन्। संघीयता र राष्ट्रवादीताको नाममा र (वास्तवमा कुर्सी हेराफेरिमा) एकअर्काको कटुविरोधी देखिने नेका-एमाले-माओवादी केन्द्र होस्, मधेशको नाममा संसदीय बैठक बहिस्कार गर्दै आएका मधेश केन्द्रित दलहरु होस्, वा आदिवासी-जनजातिको नाममा संसदमा पुगेका दलहरु वा दक्षिणपन्थी राप्रपाहरु होस्- देशका गरिब जनतालाई सुविधा दिनुको साटो संसदहरुको तलब भत्ता बढाउने विधेयकमा सबै एकै ठाउँमा देखिए। श्रमजीवि वर्ग र समुदायको हीत र वर्तमान राज्य व्यवस्था कहिल्यै नमिल्ने गरी सामानान्तर रेखामा छ। तर आधारभूत सत्य उपेक्षित छ। र सबैतिर उत्तरसत्यको वर्चस्व छ। सत्तामा प्रधानमन्त्रीदेखि सन्तर ीसम्मले सरकारको कागजी कामहरुलाई तथ्यांकमा प्रस्तुत गरिरहेको छ। यसमा प्रतिपक्षी सांसदहरु पनि छन्, किनभने उनको माध्यमबाट उनको संसदीय क्षेत्रमा पनि बजेट गएको छ। उनको क्षेत्रमा पनि अधिकतम कागजी काम नै भएको छ। तर उनी असफल देखिन चाहदैंनन्। त्यसैले उनी पनि गर्वसाथ सरकारजस्तै तथ्यांक प्रस्तुत गर्दछन्। यो कागजी तथ्यांक राष्ट्रिय जीवनको सबै क्षेत्रमा हावी छ। देशको स्मार्ट मिडियाले यी तथ्यांक (डाटा)हरुलाई तथ्य (फ्याक्टस्)को रुपमा प्रस्तुत गर्दछन् र यी सारा गोरख धन्धाबाट अनभिज्ञ जनता आफ्ना मत (भोट) जनप्रतिनिधि, ज्ञानी मान्दै आएका बौद्धिकहरु र चमकदार मिडियामाथि विश्वास गर्दै यी ‘तथ्य’हरुलाई आ-आफ्ना पारम्परिक विश्वास र भावानात्मक आवेशको आधारमा ‘सत्य’ स्वीकार गर्दछ। यो हो हाम्रो राजनीतिको उत्तर सत्य।

अझ यस नेपाली उत्तरसत्यलाई गहिरिएर हेर्नुभयो भने तपाईले यसभित्र अन्तरविरोधी चित्र हेर्नु हुनेछ। नेपाली राजनीतिमा गणतन्त्रको आगमन पछि राजतन्त्रवाद, संकीर्ण धार्मिक (विशेषतः हिन्दु कट्टरपन्थी) अह्म र सामन्तवादी संकीर्ण राष्ट्रियता दक्षिणपन्थी आधारहरु छन्। कमल थापा र पशुपति शमशेरको (एकीकृत) राप्रपा लगायत केही धार्मिक-राजनीतिक शक्तिहरु घोषितरुपमै यी दक्षिणपन्थी आधारलाई स्वीकार गर्दछन् र व्यापक जनसमुदायबाट आलोच्य पनि छन्। तर रोचक के छ भने प्रायः सबै गणतन्त्रवादी र संघीयतावादी दलहरुभित्र संकीर्ण धार्मिक अह्म र संकीर्ण राष्ट्रवादले गहिरो जरो गाड्दैछ। त्यति मात्रै होइन, राजनीतिक दल मात्र होइन आफूलाई धर्म निरपेक्ष भन्ने संविधान र राज्य व्यवस्था समेत धार्मिक अह्मबाट मुक्त छैन। त्यसरी नै स्थायी सरकार भनिने कर्मचारीतन्त्र, सुरक्षातन्त्र (सेना-प्रहरी) र न्याय प्रणाली धार्मिक अह्म र संकीर्ण राष्ट्रवादबाट मुक्त हुन सकेको छैन। शिवरात्रीको दिन सेनाको स्थापना दिवसमा गोर्खाली सामन्ती राष्ट्रवादी अह्म र धर्म विशेषप्रतिको अहंकारी परम्परा धर्मनिरपेक्ष गणतन्त्रमा पनि जारी नै छ। वस्तुतः हाम्रो हाम्रो गणतन्त्रभित्र लुकेको यो पुनरुत्थानवाद हो। यो ‘उत्तरसत्य’ को विश्व प्रवृत्ति पनि हो।

पुँजीवादको चिन्ता

‘उत्तरसत्य’को विश्व प्रवृत्ति। बेलायतमा यूरोपियन यूनियनबाट अलग्गिने निर्णय, अमेरिकामा ‘मेक ग्रेट अमेरिका अर्गन’ सहितको गोरा वर्चस्व (ह्वाइट सुपरमेसी) सहित कट्टरदक्षिणपन्थी ट्रम्पको उदय, एसियामा ‘मदर रसियन’को संकिर्ण नारासहित ब्लादमिर पुटिन, टर्कीमा संकीर्ण स्लामिक शासकहरु, भारतमा मोदीको हिन्दु कट्टरपन्थ, विगत २५ वर्षमा र विशेष गरी एक्कसाइसौँ शताब्दीमा सूचना-संचार र सोसल मिडियाको घोडचढी गरी उदाएका उत्तरसत्यका चित्रहरु हुन्। अक्सफोर्ड डिक्सनरीजले अहिले आएर उत्तरसत्य बारे ध्यान आकृष्ट गराउन खोजेपनि प्रोफेसर विलियम डेभिजका अनुसार यो विगत पाँच सय वर्षदेखिको सामाजिक रुपान्तरणको ‘मध्य’ ‘स्मार्ट’ प्रविधिबाट (टैक्नोलोजी)

... *बाँकी ५ पेजमा*

◆ झर्रोटर्रो

कैलुब्राह

मन्त्रीहरूको सम्पत्ती

सरकारले मन्त्रीपरिषद्को बैठक बसेर मन्त्रीहरूले सम्पत्ती सार्वजनिक गर्ने निर्णय गऱ्यो। सम्पत्ती सार्वजनिक गर्ने विषयमा बैठकमा निकै रस्साकस्सी पनि भयो। कसैले सम्पत्ती सार्वजनिक गर्ने कुरा संविधान विपरित भएको भनेर जिकिर गरे। उनीहरूले यो निर्णयले व्यक्तिको गोप्य अधिकार हनन हुने बताए। संविधानले हरेक नागरिकलाई कमाइकाज गर्न पाउने, ओसारपसार गर्न पाउने, घरघडेरी, सुनाचाँदी जोड्न पाउने, सहकारी र बैंकहरूमा लगानी गर्न पाउने अधिकार दिएको छ। त्यसैगरी श्रीमती, छोराछोरी, भाइभतिजा, नानातिना, साला, जेठान आदि इत्यादिका नाममा राख्न र किनबेच गर्न पाउने सुविधा पनि दिएको छ। आफूले गोप्य रूपमा कमाएको धनपैसालाई श्रीमतीले दाइजोमा ल्याएको भन्न पनि मज्जैले पाइन्छ। अरू सर्वसाधारण मनुखेले सम्पत्ती कमाउँदा सार्वजनिक गर्नु नपर्ने, हामी मन्त्रीले मात्रै सार्वजनिक गर्नुपर्ने यो घोर अन्याय हो भन्दै सार्वजनिक गर्न नहुने तर्क गरे। प्रधानमन्त्रीले सार्वजनिक त गर्नै पर्ने भयो नत्र यी पत्रकारहरू पिछा गरेर हैरान पारे भने। जेजस्तो भए पनि बरू घटाएर बढाएर जसरी आफूलाई सहज हुन्च त्यसैगरी सार्वजनिक त गरौँ भनेपछि सबै मन्त्री मन नलगाई नलगाई भए पनि सार्वजनिक गर्न राजी भए।

आफ्ना दुःखले आर्ज्याको जायजेथा देखाउन जेनतेन राजी त भए तर कसरी गर्ने हो भन्ने कुरामा निकै गोलमाल पऱ्यो। उनीहरूलाई सम्पत्ती सार्वजनिक गर्न निकै सकस भयो। धेरै देखाउने कि थोरै देखाउने भन्ने कुरामा निकै ठूलो छलफल र बहस भयो। धेरै देखायो भने कर लाग्ने, अख्तियार लाग्ने, अरूले यति धेरै कसरी कमायो भनेर दागा धर्ने समस्या। कम देखायो भने मन्त्री पदमा हालीमुहाली गर्दा पनि जावो सम्पत्ती कमाउनै नसक्नेले देशको विकास कसरी गर्ला भनेर सबैले खिसी गर्लान् भन्ने समस्या। द्विविधामा परे मन्त्रीहरू।

‘मन्त्री हुनु भनेको धन कमाउन, विदेशको सयल गर्न, राज्यको ढुकुटीमा मोजमस्ती गर्नैलाई त हो। आफूले जे गरिन्च त्यो कुरा सार्वजनिक गर्दा के नापिन्छ र ?’ मन्त्रीहरूको बैठकमा एउटा मन्त्रीले निकै फुर्तिसाथ बोले। ती मन्त्री विगतमा धेरै पटक मन्त्री बनेर अनुभव बटुलेका थिए। उनले अझै हौसिएर भने ‘मैले विगतमा पनि कति पटक सार्वजनिक गरेकै हो क्यारे। ऐलेसम्म कसैले पनि त्यसको लेखाजोखा गऱ्या छैन। त्यसपछि मैले सम्पत्ती थपेँ कि घटाएँ भन्ने कुरा कसैलाई पनि थाहा छैन। सम्पत्ती देखाएर के हुन्च र ?’

‘मन्त्री ज्यूको कुरा त ठिकै हो तर धेरै देखाउँ भने अझै अतिरिक्त कमाइ गर्न सकिएको छैन, थोरै देखाउँ भने क्यै कमाउन नसकेको हुतिहारा मन्त्री भन्ने हुन् कि भन्ने डर पो भयो त।’ अर्का मन्त्रीले आफ्नो धारणा राखे।

‘हामी प्रत्यक्ष लडेर आएकालाई कम्ता गाह्रो छ, चुनाउमा करोडौँ खर्च गर्नु पर्च, त्यो लगानी उठाउनु परेन ? ब्यापारीले त नाफा नखाई सामान बेच्दैन। राजनीति पनि हाम्रा लागि ब्यापारै त हो नी।’ सदाबहारे मन्त्रीले भने।

‘तपाइँहरू त पार्टी सरकारमा जाँदा सँधै मन्त्री हुनुहुन्च, हामीले त नेताको दयाले एक पटकलाई चान्स पाउने हो हाम्लाई झन् समस्या छ।’ पटके मन्त्री बुरुक्क उफ्रिए।

‘समानुपातिक भनेर हाम्लाई नहेपौँ है, हाम्ले पनि टिकेट किन्न नेता र पार्टीलाई पैसा तिऱ्या छौँ। कोई कोई पो उत्पीडित जाति समुदायका मनुखे नहाली नहुने भा भेर तालुमा आलु फलेर आका छन्। सबैको अवस्था एउटै होइन है।’ समानुपतिक मन्त्रीले दुखेसो पोखे।

‘लौ लौ तपाइँहरू सबैको कुरा बुझियो, म दुईदुई पटक प्रम बने पनि मेरा नाउमा एक धुर सम्पत्ती छैन, सुनाचाँदी धनदौलत पनि जे छ सबै बुढीले माइताट ल्याकी हुन्। आफू त सर्बहारा नेता परियो। जेजसो छ त्यै देखाउँ र त भैगो नि।’ प्रधानमन्त्रीले निर्णय सुनाए।

‘तपाइँको सम्पत्ती भएर के भो नभएर के भो, कुर्चीबाट हटे पनि बाँचुन्जेल राज्यले अगाडि पछाडि ससश्त्रले सुरक्षा दिएर सबै परिवारलाई पुग्ने गरी बासको व्यवस्था सहित पाल्छ क्यारे। मरे पनि राज्यले सलामी सहित मलामी दिन्छ।’ एक मन्त्री बोले।

‘हो हो। त्यै त हो जिन्दगीभरको कमाई। क्यार्नी त कानून त्यस्तै छ। राज्यले देको सुविधा नलिउँ भने राज्यको अपमान ठहर्ला। खयर जे होस् हाम्रा नाउमा जे जस्तो छ, रिन धन सबै खुलाएर देखाऊँ। मिडियाले खेदो खनेका खन्यै छन् क्या। कम्ता हैरान छ मलाई जवाफ दिन। देखाइदिउँ सबै। बरू संयुक्त रूपमा देखाउँ। अब बैठकाँ मात्रै धेरै बहस नगरौँ। बैठक सकौँ।’ प्रमले अन्तिम निर्णय सुनाए। बैठक सकियो। सामुहिक रूपमा सार्वजनिक गरेको मन्त्रीहरूको सम्पत्ती बिबरण यसप्रकार छ।

१. जग्गा जमीन केहीका नाउमा एकादुई कट्ठा रोपनी भए पनि बाँकी सबैका नाउमा नभएको।
२. श्रीमतीले दाइजोमा ल्याएको केही घर घडेरी र केही तोला सुनाचाँदी र नगद रूप्पे। त्यो पनि उनीहरूकै नाउमा रहेको।
३. बैंक ब्यालेन्स दुइचार सय रूप्पे मात्रै।
४. चुनाउमा करोडौ रिन लागेको। अझै तिर्न नसकेकोले सबैले आआफ्ना साहुहरूलाई कपाले तमसुक लेखर दिएको।
५. उपहार पाएका मोवाइल, घडी र केही जोर टाई सुट।
६. मन्त्री र सांसदबाट पाएको तलब भत्ताले जाहान परिवार, भान्जाभान्जी, सालासाली, भाइभतिजा, इष्ट कुटुम्व र वरिपरि बसेर सेवा चाकडी गर्ने कार्यकर्ताहरूलाई पाल्नै नपुगेको।
७. दुईचारवटा बैंक र सहकारीहरूमा शेयर किनेको। त्यो पनि अरूले नै पैसा हालिदिएको।

२ पुस २०७३

kailubraha73@gmail.com

चिनियाँ नयाँ जनवादी क्रान्ति : लामो (दीर्घकालीन) युद्धदेखि जनयुद्धसम्म

चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा लामो (दीर्घकालिन) जनयुद्धमार्फत् घरेलु प्रतिक्रियावादी शसकवर्गको प्रतिनिधि पार्टी कोमिन्तडको शसनलाई अपदस्त गर्न र जापानी साम्राज्यवादको अतिक्रमणलाई परास्त गरि नया जनवादी क्रान्ति सम्पन्न गर्नमा तत्कालिन सोभियत संघको निकै ठूलो सहयोग र भूमिका रहेको थियो ।



– परि थापा

माओको नेतृत्वमा रहेको चिनियाँ कम्युनिष्ट पार्टीले सुरुमा लामो (दीर्घकालिन) युद्धको नीति र पछि १९४५ मा मात्र जनयुद्धको नीति अवलम्बन गरेर विश्वमा पहिलोपटक अक्टोबर १९४९ मा नयाँ जनवादी क्रान्ति सफल बनाएको थियो । त्यसकारण हामीले चिनियाँ नयँ जनवादी क्रान्ति र जनयुद्ध सम्बन्धि विषयलाई ठीक तरिकाले बुझ्नका लागि माओ र चिनियाँ कम्युनिष्ट पार्टीले अख्तियार गरेका सिद्धान्त, नीति र कार्यक्रमहरुलाई अध्ययन गर्न र बुझ्न आवश्यक छ । छोटकरीमा त्यो विषयलाई यसरी बुझ्न सकिन्छ :

जनयुद्ध जसलाई लामो (दिर्घकालीन) जनयुद्ध पनि भनिन्छ, चिनियाँ मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी एवं राजनीतिक नेता माओले पहिलोपटक विकास गरेको सैन्य-राजनीतिक रणनीति हो । जनयुद्धको आधारभूत अवधारणा भनेको जनताको समर्थन लिएर दुस्मनलाई भित्रि भागसम्म ल्याउनु हो, जहाँ जनताले तीनलाई चलायमान युद्ध र छापामार युद्धलाई मिलाएर सखाप पार्नेछन ।

यसले लामो (दिर्घकालिन) जनयुद्ध अन्तरगत वास्तव मै जित्न सकिने होशियारीपूर्वक छनौट गरिएका लडाईहरूका तीन चरणको रणनीतिलाई अवलम्वन गर्दछ ।........

पहिलो चरणमा क्रान्तिकारी शक्तिले पहाडि अथवा अन्य कठिन भूगोल सहितका दुर्गम इलाकाहरूमा युद्ध शुरु गर्दछ जहा उसका दुश्मनहरू कमजोर हुन्छन । उसले क्रान्तिकारी आधार इलाका भनेर जानिने स्थानिय पकडक्षेत्र स्थापना गर्ने प्रयत्न गर्दछ । जब उसको शक्ति बृद्धि हुन्छ, त्यसले दोस्रो चरणमा प्रवेश गर्दछ, अरु आधार इलाकाहरू स्थापना गर्दछ र आसपासका गाउहरूमा आफनो प्रभाव बढाउछ, जहा उ शासन गर्ने शक्ति बन्न र भूमिसुधार जस्ता कार्यक्रमहरू मार्फत लोकप्रिय जनसमर्थन प्राप्त गर्न सक्दछ । अन्तत : तेस्रो चरणमा त्यो संघर्षले आखिरमा देशभरि सत्ता कब्जा गर्दासम्म स-साना शहरहरू त्यसपछि ठुला शहरहरू घेर्ने र कब्जा गर्न प्रयाप्त शक्ति हासिल गर्दछ । [People's War, Part of a Series on Maoism, Wikipedia, and www. Marxists. org.]

माओले चिनियाँ कम्युनिष्ट पार्टीको युद्ध इतिहासको चर्चा गर्दै पार्टीलाई प्रत्यक्षरुपमा नै युद्धको तयारीमा लगाउनलाई पार्टीको आफ्नै सेना हुन अत्यावश्येक भएको र त्यसको महत्वलाई बुझेर चिनियाँ कम्युनिष्ट पार्टीले लालसेनाको निर्माण गरेको उल्लेख गर्दै भनेका छनः

हाम्रो पार्टीले ३ या ४ वर्षको अवधिसम्म अर्थात १९२१ (जतिबेला चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना भएको थियो)देखि १९२४ (जतिबेला कोमिन्ताङको प्रथम राष्ट्रिय अधिवेशन सम्पन्न भएको थियो) सम्म आफूलाई प्रत्यक्षरुपले युद्धको तयारीमा लगाउने कुराको महत्व बुझ्न, सैन्य बल गठन गर्नमा असफल रह्यो । यस विषयमा १९२४-२७ र अरु पछिको अवधिसम्म प्रयाप्त बुझाइको कमि रहयो तथापि जब यसले वाम्पाओ सैनिक प्रतिष्ठानमा सहभागिता जनाउन थाल्यो, यसले नया अवस्थामा प्रवेश गऱ्यो र सैन्य मामलाको महत्व देख्न थाल्यो । क्वान्तुङ प्रान्तमा भएको युद्धमा कोमिन्ताङलाई सहयोग गरेर र उत्तरी अभियानमा सहभागि भएर पार्टीले केही सशस्त्र बलहरू माथि नेतृत्व हासिल गऱ्यो । तब क्रान्तिको तितो पाठबाट सिकेर पार्टीले नानचाङ विद्रोह, शरद बालि विद्रोह र क्यान्टन विद्रोह संगठित गऱ्यो, अनि एउटा नयाँ अवधिमा प्रवेश गऱ्यो, लालसेनाको गठन । [The War History of the Chinese Communist Party, Mao Selected Works Vol. II, Pp. 225]

लामो (दीर्घकालिन) युद्धको नीति माओले चीनको विशिष्ट अबस्थामा प्रतिपादन गर्नुभएको हो, खास गरेर जापानजस्तो बलियो साम्राज्यवादी शक्तिको आक्रमणका विरुद्ध त्यस्तो युद्धको नीति अख्तियार गरिएको थियो । त्यसअन्तर्गत “गुहयुद्ध” “घेराउ र दमन” “चलायमान युद्ध” “कमजोर पार्ने र सिध्याउने यद्ध” “करौति जस्तो यद्ध” “छापामार युद्ध” “प्रतिरोध युद्ध” “गाउँले शहरलाई घेर्ने” “आधार इलाका” तयार पार्ने जस्ता रुपहरु अपनाइएको थियो ।

माओले युद्ध लामो (दीर्घकालिन) हुनुका कारणहरु उल्लेख गर्दै भनेका छन्ः

...तथ्य यो हो कि अहिले शत्रुपक्षको र हाम्रो आफ्नै शक्तिको बीचमा अत्यन्तै ठूलो असमानता छ ता कि शत्रुपक्षको कमजोरीहरु विकास भैसकेका छैनन्, र यो बेला उसको शक्तिलाई उल्टाउन पुग्ने हदसम्म विकास हुन सक्दैन । जब कि हाम्रा उपलब्धिहरु विकास भैसकेका छैनन् र यो बेला हाम्रो कमजोरीलाई पूर्ति गर्ने हदसम्म विकास हुन सक्दैन । त्यस कारण यतिखेर सन्तुलन हुन सक्दैन, असन्तुलन मात्र हुन्छ । ...यसरी शत्रुपक्ष सापेक्षित रुपले बलियो हुन पुग्छ र हामी सापेक्षित रुपले कमजोर छौ कि शत्रुपक्ष सापेक्षित रुपले उच्च अवस्थामा छ र हामी सापेक्षित रुपले निम्छरो अवस्थामा छौं....

त्यस कारण यो अवस्थामा शत्रुपक्षको जित र हाम्रो हार हदैसम्म निश्चित रुपले नै सीमित भएको छ र यस कारण यो युद्ध लामो हुन जान्छ ।ृध्जथ ब उचयतचबअतभम ध्बचरु :बय क्भभिअतभम ध्यचपक ख्याी क्ष, एउा ज्ञघछे

तर माआले जापान विरुद्ध प्रतिरोध युद्ध र जनवादी क्रान्तिलाई सफल पार्नका लागि झनै कठिनतम बाटो अपनाउनु पर्ने बबताउदै “जनयुद्ध” र “जनसेना” को नीति १९४५ मा गएर मात्र ल्याएका हुन् । त्यस बारेमा उनले यसरी उल्लेख गरेका छन् :

यस अवधिको एकदम सुरुमा नै हामी कम्युनिष्टहरले चीनको जापानविरोधी प्रतिरोध युद्धका लागि दुईवटा वैकल्पिक बाटाहरु छन् भनेर भनेका थियौं । विजयसम्म पुग्न समग्र पक्षलाई समेट्ने जनयुद्ध वा पराजयमा पुग्ने, जनता उत्पीडित अबस्थामा रहने आंशिक युद्ध । हामीले यो पनि भनेका थियौ कि त्यो युद्ध लामो (दीर्घकालिन) हुनेछ र धेरै बाधा र कठिनाईहरु अपरिहार्यरुपमा सामेल हुनेछन्, तर चिनियाँ जनताहरुले आफ्नो मिहिनेतद्वारा अन्तिम विजय हसिल गर्ने कुरा सुनिश्चित थियो । [History Follows a Tortuous Course, Mao Selected Works Vol. III, Pp. 213]

माओले पार्टीको नेतृत्वमा रहेको र जनताका पक्षमा उभिने सशक्त सेना र आमजनसमुदायको बीचमा हुने ब्यापक सहयोग र सहकार्य मार्फत चलाइने युद्ध नै वास्तविक “जनयुद्ध” हुने बताउदै भनेका छन् :

“तर जनता नै अति असल न्यायाधिशहरू हुन । जनताले थाहा पाए कि त्यो बेला उनीहरूको संख्या थोरै भएता पनि आठौ पथ र नया चौथो सेनाहरू उच्च गुणस्तरीय थिए, ताकि उनीहरूले एक्लै वास्तविक जनयुद्ध लड्न सक्दथे र जब उनीहरू एकपटक जापान विरोधी मोर्चामा पुगे र त्यहाँ व्यापक जनसमुदाय सग मिले भने उनीहरूका सामु असिमित सम्भावनाहरू खुल्नेछन । र जनताले ठिक भनेका थिए । यति खेर मैले यो प्रतिवेदन बनाउदा हाम्रो सेनामा १,१०,००० जनासम्म पुगिसकेका छन र हाम्रा ग्रामिण लडाकुहरू जसलाई सामान्य उत्पादनयुक्त कामबाट फिर्ता गरिएको छैनन । त्यो २२,००,००० भन्दा बढी पुगेको छ....”

“साथसाथै जनताले मुक्त इलाकाहरूमा विभिन्न खालका राजनीतिक, आर्थिक, सांस्कृतिक र स्वास्थ्य संबन्धि काम उत्साह पूर्वक सम्पादन गरेका छन्...

त्यो नै वास्तविक जनयुद्ध हो । त्यसप्रकारको जनयुद्ध संचालन गरेर मात्र हामीले राष्ट्रिय दुस्मनलाई हराउन सक्दछौं.."[The People's War, Mao Selected Works Vol. III, Pp. 214-217]

जनताको पक्षमा उभिने सेनाबिना चिनियाँ जनताले स्वतन्त्रता र एकीकरण हासिल गर्न, संयुक्त सरकार गठन गर्न, जापानी अतिक्रमणकारीहरुलाई पूर्णरुपले हराउन र नया चीन निर्माण गर्न असम्भव छ । अहिले जनताका पक्षमा पुरै उभिने सैन्य शक्ति भनेको मुक्त इलाकाहरुका आठौ पथ र नया चौथो सेना मात्रै हुन जो धेरै ठूला त छैनन्, चाहिने जति भन्दा बढी नै छन् ।” [The People's Army, Mao Selected Works Vol. III, Pp. 245]

त्यतिमात्र होइन, चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा लामो (दीर्घकालिन) जनयुद्धमार्फत् घरेलु प्रतिक्रियावादी शसकवर्गको प्रतिनिधि पार्टी कोमिन्तङको शसनलाई अपदस्त गर्न र जापानी साम्राज्यवादको अतिक्रमणलाई परास्त गरि नया जनवादी क्रान्ति सम्पन्न गर्नमा तत्कालिन सोभियत संघको निकै ठूलो सहयोग र भुमिका रहेको थियो ।

सोभियत संघले जापान विरोधि प्रतिरोध युद्धलाई राजनीतिक, कुटनैतिक र सैन्य हिसाबले समर्थन गऱ्यो । उसले १९३७ देखि १९३९ सम्म मात्रै ९८५ वटा हवाईजहाज ८२ वटा टैंक र १३१७ वटा तोप दिएको थियो । चीनमा १९४० सम्म ३६६५ जना सोभियत सेनाहरु, पाइलट, पैदल सेनाका रुपमा हवाइसुरक्षा र अन्य क्षेत्रहरुमा कार्यरत थिए । ९ अगस्त, १९४५ मा सोभियत संघले जापान विरुद्ध युद्ध घोषणा गऱ्यो । १० लाख भन्दा वढि सेनाकासाथ मन्चुरिया तर्फ बढ्यो र यसरी जापानी अतिक्रमणकारी माथि चिनियाँ सेनाको विजयलाई अगाडि बढायो । (Mao, Strategy of the New Democratic Revolution as part of the International Revolution, Stefan Engel, Dawn of the international Socialist Revolution, Pp. 49)

चीनमा लालसेनाको गठनसँगै माओ र चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्व र निर्देशनमा चलाइएको २५ वर्ष लामो क्रान्तिकारी युद्धका दौरानमा त्यहँको बद्लिदो विशिष्ट अवस्था अनुसार माओले “गाउँले शहरलाई घेर्ने” “लाल आधार इलाका निर्माण गर्ने” र “लामो (दीर्घकालिन)जनयुद्ध” जस्ता युद्धका स्वरुपहरु र सैन्य रणनीतिहरू विकास गर्नु भएको थियो । चिनियाँ नयँ जनवादी क्रान्तिलाई सफल बनाउने क्रममा चलेका विचारधारात्मक र राजनीतिक संघर्षका दौरानमा ती रणनीतिहरुको विकास भएको थियो ।

अन्ततः १ अक्टोबर १९४९ का दिन तियानान्मेन चोकमाथि उभिएर माओले जनवादी गणतन्त्र चीनको घोषणा गरेका थिए । जुन घोषणा माओले नेतृत्व गरेको चिनियाँ कम्युनिष्ट पार्टी र च्याङकाइसेकद्वारा नेतृत्व गरिएको कथित राष्ट्रवादी सत्ता, जसलाई अमेरिकाको पूर्ण समर्थन र सहयोग रहेको थियो- का बीच वर्षौंसम्म चलेको गृहयुद्धको चरमोत्कर्षको परिणाम थियो ।

चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएर जनवादी गणतन्त्रको स्थापना भएपछि साम्राज्यवादी र पुँजीवादी शक्तिलाई ठूलो आघात परेको थियो । परिणामस्वरुप अमेरिका र वेलायत एवम् फ्रान्सजस्ता उसका गठबन्धनमा रहेका सहयोगीहरुको प्रस्तावमा चीनको संयुक्त राष्ट्रसंघको स्थायी सदस्यतासमेत खोसेर ताइवानलाई दिइएको थियो । अर्को शब्दमा भन्नुपर्दा मुख्यत : ताइवानलाई नै चीनको मान्यता दिइएको थियो । तर अल्वानियाले लगातार जनवादी गणतन्त्र चीनको स्थायी सदस्यता फिर्ता एवम् कायम गराउन प्रत्येक वर्ष राष्ट्रसंघमा प्रस्ताव राख्दै आएको प्रस्ताव राख्दै आएको थियो र आखिर दुई दशकपछि २५ अक्टोबर १९७१ मा त्यो प्रस्ताव पारित भएको थियो ।

आज माओको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएर जनवादी गणतन्त्र स्थापना भएको सात दशक पुग्दैछ भने यही २२ डिसेम्बरमा माओको १२४ औं जन्म वार्षिकी मनाइदैछ ।

‘उत्तर-सत्य’ ...

को माध्यमबाट प्रतिदिन विस्तृत हुँदै गएको संक्रमण हो । प्रोफेसर डेभिज अस्वाभाविक रुपमा यस कालखण्डमा भएका फ्रान्सीसी क्रान्ति, यूरोपिय पुनर्जागरण, विश्वभरिका राष्ट्रिय मुक्ति संघर्षहरु र परिवर्तनहरु तथा अभूतपूर्व वैचारिक र वैज्ञानिक परिवर्तनहरुप्रति उपेक्षा भाव राखेको जस्तो देखिन्छन् । लाग्दछ उनी सामाजिक परिवर्तनबाट पुँजी, धर्म र राजनीतिक गठजोडबाट नाकारात्मक इतिहासको विकासमा आफूलाई बढी केन्द्रित गरेका छन् । तर पनि उनले वर्तमान उत्तरसत्यलाई सटिकरुपमा खुट्याएका छन्- “ यो (उत्तर-सत्य)यस्तो संक्रमणको मध्य हो, जसमा समाज तथ्य(फ्याक्ट)बाट तथ्यांक(डाटा)मा रुपान्तरित हुँदैछ ।”

आधुनिक इतिहासमा ‘उत्तर-सत्य’ साम्राज्यवादको यस्तो बर्चस्वमुलक प्रचार यन्त्र हो, जो भष्मासुर जस्तै अब उसैलाई निल्न खोज्दैंछ । पलमेसन (पुँजीवादको अन्त्य सुरु भयो) जस्तै धेरैले यसलाई मार्क्सवादी, लेनिनवादी परिणति भन्न सक्दछन् । तर त्यसो होइन, मार्क्सले पुँजीको अन्त्यलाई अग्रगामी अर्थमा अनिवार्य परिणति भनेका थिए । यो ‘उत्तर-सत्य’ रुपी परिवर्तनको चरित्र पुनरुत्थानवादी चरित्र हो, पछि फर्काइ हो । अझ भनौं अन्तर ाष्ट्रिय पुँजीभित्र विद्यमान ऐतिहासिक मन्दी र संकट टार्ने अटो म्याकेनिकल उपायको रुपमा देखिएको हो ।

‘उत्तर-सत्य’को आधुनिक प्रारम्भिक रुप हामी २० औं शताब्दीको तेश्रो दशकतिर हेर्दछौं, जतिवेला विश्वराजनीतिमा वर्चस्व स्थापित गर्ने तथ्यको लागि उद्योग (ईन्डष्ट्रिज फोर फ्याक्ट्स)को अवधारणा संगठित रुपमा विकास गरियो । दोश्रो विश्वयुद्धको क्रममा अमेरिकाले अमेरिकन इन्टरप्राईजेज ईन्स्टिच्यूट जस्ता थिंक ट्यांकहरु स्थापित गरियो । विश्वयुद्ध पछि नयाँ सरकार स्थापनाको निम्ति कुनै एउटा वा अन्य राजनीतिक एजेण्डाको सेवामा तथ्य र अर्थव्यवस्था निर्माणमा यस ‘तथ्य उद्योग’ को प्रयोग गरियो, तर, विशेषतः सोभियत संघ र विश्व कम्युनिष्ट आन्दोलनको विरुद्ध विकसित गरिएको यो ‘उत्तर-सत्य’नामक हतियार सन् १९९० मा साभियत संघको पतनपछि विश्व साम्राज्यवादतिरै फर्किन थालेपछि पुँजीवादी विचारकहरु चिन्तित देखिन थालेका छन् । सन् १९९०को दशकको अन्त्य र सन् २००० को दशकको प्रारम्भमा उदार राजनीतिज्ञहरु माझ साक्ष्यमा आधारित नीति (एचिडेन्स वेस्ड पोलिसी)को विचारको रुपमा लोकप्रिय र शासकीय हितमा आधारित सरकारी योजनाहरुलाई औचित्य प्रदान गर्ने यी वैचारिक हतियारहरु वस्तुतः उत्तर वैचारिक युगका उत्पादहरु थिए ।

स्रोहरुका अनुसार इरान-अमेरिका द्वन्द्व मध्य अमेरिकी देशहरुमा प्रो अमेरिकन कन्ट्रा विद्रोहीको प्रयोग (वा स्क्याण्डल) र खाडी युद्ध सम्बन्धी आफ्ना निबन्धमा सन् १९९२मा नियोजित प्रचारबाट सिर्जित विश्वव्यापी भ्रमको कारण विशिष्ट विचारहरु महत्वहीन र औचित्यहीन हुँदै गएको समय-सन्दर्भलाई सर्भियाली अमेरिकी नाटककार स्टींग टेसिचले ‘पोष्ट ट्रुथ’(उत्तर-सत्य) भनेर पहिलो पटक सम्बोधन गरे । यसपछि उत्तर-सत्यको झड्काहरुको बयान कहिन सक्नु छ- सन् २००४मा अमेरिकी अर्थ राजनीति शास्त्रीय राल्फ केयजले वर्तमान कालखण्डलाई आफ्नो पुस्तकमा पोस्ट- ट्रुथ एरा (उत्तर-सत्य यूग) भने । त्यसैबेला खाडी युद्धमा ईराक विरुद्ध बुस प्रशासन (अमेरिका) ले विश्व सामु सिर्जना गरेको भ्रमपूर्ण जानकारीलाई एकजना प्रसिद्ध पत्रकार एरिक अल्टरम्यानले पोष्ट-ट्रुथ प्रेसिडेन्सि (उत्तर-सत्य नेतृत्व) र सिर्जित भ्रमपूर्ण वातावरणलाई पोष्ट-ट्रुथ एड्भान्समेन्ट (उत्तर-सत्य वातावरण) को नामले सम्बोधन गरे तर विश्वव्यापी घातक प्रभावलाई सम्पूर्ण अर्थ-राजनीतिक सांस्कृतिक पक्रियाको रुपमा यसको प्रयोग सन् २००४ मा पश्चिमी विद्वान पोलिन क्राउचले आफ्नो पुस्तक ‘पोष्ट डेमोक्रेसी’ (उत्तर लोकतन्त्र) मा गरे । आफ्नो विश्लेषणमा उनले वर्तमान राजनीतिक व्यवस्थामा वर्चस्व जमाएर बसेको प्रक्रिया, प्रवृत्ति र परिणामहरु माथि प्रहार केन्द्रित गरे । उनले वर्तमान चुनावी पद्धतीलाई धोका र स-साना मुद्दाहरुमा आधारित, व्यवसायी विशेषतः उद्वारा संचालित र यस्तै प्रकारको विशेषज्ञहरुद्वारा नियोजित-नियन्त्रित सार्वजनिक बहसहरुमा आधारित भनेर उनको विचारमा यस उत्तर-सत्य सत्यवादी व्यवस्थामा जनसमुदाय र व्यवस्थावीच राजनीतिक सम्पर्कको लागि सिर्जित-संचालित विज्ञापन उद्योग प्रारुप (एडर्भटाइजिंग ईनडष्ट्रिज मोडेल)ले व्यवस्था र जनता वीच विश्वशको संकट उत्पन्न गराएको छ । उनको दिक्दारी कति छ भने उनले वर्तमान यूगलाई उत्तर लोकतन्त्र अर्थात लोकतान्त्रिक व्यवस्था पछिको युग भनेका छन् । त्यो भनेको धोका बेइमानी र गफको युग हो ।

अन्तिम कुरा

विसौं शताब्दीको सत्तरीको दशकबाट सुरु भएको उत्तर वैचारिक यात्रामा उत्तर दार्शनिकहरु पहिल्यै पटक पुँजीवादी-विचार र व्यवस्थाको वैचारिक व्यर्थता र जनहित विपरिततालाई उत्तर सत्यको रुपमा स्वीकार गरेका छन् । होइन भने सन् १९९० सम्म उनीहरुले समाजवादी विचार र व्यवस्था धारासायी पनि नै उत्तर आधुनिक र उत्तर-मार्क्सवाद जस्ता उत्तर विचार र उत्तर-संस्कृतिको भ्रम छर्ने गरेका थिए । उत्तर-दर्शन र उत्तर-संस्कृति मानिस र समाजलाई सत्य र जीवनको निम्ति संघर्षबाट टाढा पुऱ्याएर विश्व पुँजीवादको दुनो सोझ्याउने दाउ मात्र हो भनेर मार्क्सवादी समाजवादी चिन्तकहरुले भनेका गरेका थिए । ‘उत्तर-सत्य’ ले यसलाई सही सावित गरेको छ ।

तर जस्तो की मार्क्सले भनेका थिए- ‘बुझ्न होइन बदल्नु महत्वपूर्ण हो’ र यसको निम्ति वर्तमान भ्रमपूर्ण र जन अहीतकारी विश्व व्यवस्था र यसका नक्कली औचित्यबाट मुक्त हुन जरुरी छ । उत्तर सत्यका संश्लेषक र विश्लेषकहरुले पुँजीवादी विश्व व्यवस्थाको शासनको छद्मता र बेइमानीलाई नङ्याएपनि उनीहरुले विश्वव्यवस्थामा श्रम र श्रमिकहरुको भुमिका, शोषणको स्थिति चतुऱ्याईपूर्वक लुकाएका छन् । तर पनि अप्रत्यक्षरुपमै भएपनि उनीहरुको मान्यताले मार्क्सवाद र समाजवादलाई सशक्त विकल्पको रुपमा उभ्याएको छ ।

हाम्रो देश, यति बेला चौबाटोमा खडा छ । उपरी हिसाबले शासकीय स्वरुप र राज्यको पुनःसंरचनाको बहस र रस्साकसीमा व्यस्त छ । तर मुल प्रश्न भने वैचारिक व्यवस्थाको नै हो- यो देश नाफामा आधारित पुँजीवादी बजार व्यवस्थाअन्तर्गत यी श्रमको सर्वोच्चता, उत्पादनको समान वितरण र जनहीतप्रति जिम्मेवार समाजवादी व्यवस्थाबाट संचालित हुने हो ? हाम्रो देशको ‘उत्तर-सत्य’के हो भने यहाँ पुँजीवादी राजनीतिज्ञहरु समाजवादको क्रिया खाने गर्दछन् भने आफूलाई समाजवादी भन्ने राजनीतिज्ञहरु पुँजीवादी भऱ्याङ चढेर शासनमा हिस्सेदारी गर्दैछन् ।

यतिबेला जनता अन्योलग्रस्त र अमुल परिवर्तनकारी शक्ति कमजोर स्थितिमा भएपनि समग्र साम्राज्यवादी-विस्तारवादी विरोधी शक्तिहरु एकजुट भएर सम्पूर्ण श्रमिक र उत्पीडित समुदायलाई गोलबन्द गरेर वर्तमान नवऔपनिवेशिक चरित्रको शासन व्यवस्थालाई ध्वस्त गर्नु हो ।

साम्राज्यवादी वीचको अन्तरविरोध र झडपहरु र वर्तमान विश्व व्यवस्थाविरुद्ध विश्वभरि चुलिदैं गएको असन्तोष र आक्रोशले निकट भविष्यमै एउटा विश्वव्यापी ज्वारको संकेत देखिदैंछ । वर्तमान विश्वको ‘उत्तर-सत्य’ वा छद्म व्यवस्थाबाट मुक्त हुन विश्वभरिका जनता सामु संघर्ष र समाजवादी विश्वबाहेक अर्को विकल्प पनि छैन । किनभने यो नै यस्तो व्यवस्था हो । जसले दार्शनिकरुपमा आफूलाई नाफा होइन, समाजप्रति समर्पित गर्दछ ।

प्रगतिशील नेपाली साहित्यको इतिहास लेखनको पद्धति तथा सम्भावित ढाँचा

– प्रा. डा. तारा कान्त पाण्डेय

१. साहित्यतिहास लेखनका आधारभूत पक्ष

यतिबेला हाम्रो अपेक्षा साहित्यको इतिहास कसरी लेख्ने, त्यसको आधार र पद्धति के हुने भन्ने कुरासँग सम्बन्धित छ। यसबारे सैद्धान्तिक विमर्श सम्पन्न भइ पनि सकेको छ। त्यसका मूलभूत पक्षलाई सारांशीकृत गर्दा विषय अझ मूर्त र स्पष्ट हुने छ। तलका केही बुँदामा उक्त विमर्शको सारांश वा निष्कर्ष निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- साहित्यतिहास इतिहास बोध र सौन्दर्य बोध दुवैको संश्लेषित रुप हो।
- इतिहास बोधलाई ऐतिहासिक भौतिकवादले वैचारिक पीठिका प्रदान गर्दछ भने सौन्दर्य बोधलाई सौन्दर्य शास्त्र/आलेचना शास्त्रले आधार प्रदान गर्दछ।
- साहित्यतिहास लेखन रैखिक रुपमा पृथक् विधापरक पनि गर्न सकिन्छ र मिश्रित पद्धति अनुरुप साहित्य समष्टिकै गर्न पनि सकिन्छ।
- जुन किसिमले गरे पनि साहित्यतिहासमा साहित्यको विकास प्रक्रियालाई समाज विकासको ऐतिहासिक प्रक्रियाका सापेक्षता हेर्नु पर्दछ। कालखण्ड विशेषको समाजमा स्थापित उत्पादन पद्धति र (वर्ग) सङ्घर्षयुक्त उत्पादन सम्बन्ध, त्यसले निर्माण गरेको राजनीतिक संरचना र त्यस समाजमा विकसित जनताका अनुभूति/संवदेनाको अभिव्यक्ति साहित्यमा कसरी भएको छ भन्ने कुराको अध्ययन हुनु पर्दछ।
- साहित्य र समाजका बिचको सम्बन्धको अध्ययन हुने हुनाले साहित्यका माध्यमबाट सामाजिक इतिहास पनि हेरिन्छ भने आफ्नो समयको समाजका अन्तर्विरोधपूर्ण सम्बन्ध र वर्ग सङ्घर्ष समेतको अभिव्यक्ति साहित्यमा कसरी भएको छ भन्ने कुरा पनि हेरिन्छ। त्यस क्रममा साहित्यको यथास्थितिवादी वा परिवर्तनकामी कस्तो भूमिका रह्यो, स्रष्टाले समयको गतिशील यथार्थलाई कति सुन्दर र सत्यपरक ढंगले व्यक्त गर्न सक्यो वा त्यसप्रति उदासीन रह्यो भन्ने कुराको मूल्याङ्कन पनि साहित्यतिहासकारले गर्नु पर्दछ।
- साहित्यको विकास प्रक्रिया र त्यसमा आएका प्रवत्तिगत परिवर्तनको अध्ययनसँगै त्यस्ता परिवर्तनले ल्याएका नवीनता र तिनको सौन्दर्यपरक एवं ऐतिहासिक मूल्यको निर्धारण पनि साहित्यतिहासकारले गर्नु पर्दछ।
- साहित्यको विकास परम्परामा पुरानोको निषेध र नयाँको विकास हुन्छ तर पुरानो पूर्णतः निषेध नहुन पनि सक्छ, केही प्रवृत्तिहरु अवशिष्ट परम्पराका रुपमा रहि रहन पनि सक्छन्। अर्थात् साहित्यको विकास प्रक्रियामा निषेध, नव निर्माण र परम्पराको निरन्तरता यी तिनै कुरा परिघटित हुन्छन्। त्यसैले साहित्यतिहासकारले यी तिनै सन्दर्भको खोजी र व्याख्या विवेचना गर्नु पर्दछ।
- सामाजिक विकासको प्रक्रियालाई उत्पादन सङ्घर्षले निधर्ाित र प्रभावित गर्छ। यसका व्यापक क्षेत्रभित्र भाषा र जातिको विकास पनि पर्दछ। उत्पादक शक्तिको विकाससँगै जातिको विकास पनि जोडिएको हुन्छ र जातिसँगै भाषा अनि त्यस भाषाको साहित्य जोडिएको हुन्छ। त्यसैले जातिको निर्माण र विकास अनि त्यसको भाषिक विकास कसरी भएको रहेछ भन्ने कुरा पनि साहित्यका माध्यमबाट हेर्न सकिन्छ। जातिको निर्माण र विकाससँगै त्यसको भाषा र साहित्यको विकास पनि साहित्यतिहासको अध्ययनको विषय बन्छ।

२. नेपाली प्रगतिशील साहित्यको इतिहास लेखन : समस्या र सम्भावना

समग्र साहित्य वा प्रगतिशील साहित्य जुन कुनैको पनि इतिहास लेखनको कुरा गर्दा त्यो केवल विवरण मात्र नभई मूल्य चेतनासँग गाँसिन्छ र कला साहित्यको ऐतिहासिक तथा सौन्दर्यात्मक मूल्यको निरुपण गर्दै इतिहास लेखनको कार्य सम्पन्न हुन्छ वा गरिन्छ। यो सिद्धान्तको कुरा हो जसको उल्लेख माथि भइ सकेको छ। तर नेपाली समाज र नेपाली साहित्यिक इतिहासका सन्दर्भमा यो कार्य सरल छैन। यसका थुप्रै समस्या छन्। ती यस प्रकार छन् :

अ) नेपालको साम्यवादी आन्दोलनको एउटै धारा छैन। यो अनेक धारामा विभक्त छ। एउटा धाराका आँखामा अर्को संशोधनवाद र अर्कोको आँखामा अर्को उग्रवाद वा रुढिवाद, अनि कोही कसैलाई मध्यपन्थी वा मिहिन संशोधनवाद देखिने राजनीतिक मूल्याङ्कन यहाँ हुँदै आएको छ। व्यक्तिगत रुपमा मेरा लागि पनि यी मध्ये कुनै एउटा हेराइ ठिक हुन सक्छ तर हाम्रो विशिष्टता के हो भने वैचारिक राजनीतिक आन्दोलन यसरी अनेक धारामा बाँडिए पनि प्रगतिशील भनिएका लेखकहरु हामी एउटै मोर्चामा छौं। विश्वव्यापी रुपमा यस्तो प्रायः भेटिंदैन। यो हाम्रो विशिष्टता हो तर सँगसँगै यसले जटिलता वा समस्या पनि बोकि राखेको छ। इतिहासको र वर्तमानकै मूल्याङ्कनको साझा आधार के बनाउन सकिन्छ ? निकै गारो प्रश्न छ। कसैलाई जनयुद्ध आतंकपूर्ण अतिवादी परिघटना लाग्छ, कसैलाई सामाजिक फासिवादी। तर यो त वर्ग संघर्षको महान् प्रक्रिया र परिघटना थियो र हो भन्ने धारा पनि उत्तिकै सबल छ। यस्तो स्थितिमा इतिहासको सर्वमान्य मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

आ) अर्कातिर एउटा कालखण्डमा अब्बल प्रगतवादी रचना सिर्जना गरेका स्थापित स्रष्टा पछिल्लो कालखण्डमा पथ विचलनमा पुगेर पनि साहित्य सिर्जना गरि रहेका छन् र त्यस्ता स्रष्टालाई तीव्र आलोचना र समर्थन दुवै गर्ने प्रवृत्तिहरु प्रलेसभित्र एकै ठाउँमा छन्। कृतित्व र व्यक्तित्वको मूल्याङ्कनमा यस स्थितिले पनि समस्या र जटिलता सिर्जना गरेको छ।

इ) नेपाली साहित्य भनेर के बुझ्ने ? अहिलेको ज्वलन्त प्रश्न यो पनि हो। नेपालमा सार्वजनिक सम्पर्कको भाषाका रुपमा प्रचलित नेपाली भाषामा लेखिएको साहित्य मात्र नेपाली साहित्य होइन भन्ने मान्यता स्थापित सकेको छ। नेपालभित्र बोलिने, नेपाली नागरिकहरुले प्रयोग गर्ने भाषामा लेखिएका साहित्य सबै नेपाली साहित्य हुन्। यसमा विवाद गर्नु पर्ने छैन। तर यसो भन्दा भन्दै पनि के अहिले नेपालभित्रका सबै भाषाका प्रगतिशील साहित्यको बेग्लाबेग्लै इतिहास लेखन सम्भव छ त? मलाई लाग्छ, सबैमा एकै नास सम्भव छैन।

ई) इतिहास लेखक समालोचक नै हुन्। समालोचक व्यक्ति विशेष नै हुन् र ती कुनै भाषिक समुदाय विशेष, जाति समुदाय विशेष, लिङ्ग विशेष, क्षेत्र/भूगोल विशेषबाटै आएका छन्। यति बेला पहिचानको चेतनाले गर्दा कसले कसको प्रतिनिधित्व गर्छ अथवा गर्दैन जस्ता प्रश्नलाई निकै महत्त्व दिन थालिएको छ। खस समुदायको समालोचकले जनजातिको प्रतिनिधित्व गर्न सक्दैन वा उसका कृतित्वको इतिहास लेख्न सक्दैन, अथवा गैर दलित समालोचकले दलित समुदायका स्रष्टाका बारेमा लेखेको आधिकारिक हुँदैन अनि महिला स्रष्टाका कृतित्वको मूल्याङ्कन र इतिहास लेखन पुरुष समालोचकबाट हुन सक्दैन भन्ने खालका दृष्टिकोणहरु यति बेला प्रगतिशील शिविरभित्रै सक्रिय रहेका छन्। यो पनि चुनौतीको विषय हो।

उ) इतिहास केन्द्रीय मात्र होइन, क्षेत्रीय पनि हुन्छ। प्रगतिशील नेपाली साहित्यको इतिहास क्षेत्रीय स्तरमा पनि लेख्न सकिन्छ तर अहिले नै त्यो कति सम्भव छ ?

उपर्युक्त बुँदाहरुमा मैले प्रगतिशील साहित्यको इतिहास लेखनको कुरा गर्दा अगाडि आउने समस्या तथा चुनौतीको कुरा गरेको हुँ। यसको तात्पर्य यो काम गर्नै सकिन्न भन्ने होइन। हामी सहभागी रहेको प्रलेसको प्रकृतिलाई ध्यानमा राखेर अथवा यसो भनौं त्यसका सीमालाई दृष्टिगत गरेर केही साझा अवधारणाको निर्माण गरी प्रगतिशील नेपाली साहित्यको इतिहासको आधारभूत लेखन गर्न सकिन्छ। त्यसको स्वरुप र सम्भावना निम्न प्रकारको हुन सक्छ।

३) साहित्यतिहास लेखनको पद्धति र सम्भावित रुपरेखा

(१) प्रगतिशील नेपाली साहित्यको इतिहास लेखनको परियोजना अगाडि बढाउँदा यसलाई (क) सम्पर्क भाषाका रुपमा रहेको नेपाली भाषामा लेखिएको प्रगतिशील नेपाली साहित्यको इतिहास र (ख) नेपालभित्र व्यवहारमा रहेका र प्रगतिशील साहित्य लेखिएका भाषाका साहित्यको इतिहास बेग्लाबेग्लै लेख्नु उपयुक्त हुन्छ। यसो गर्दा प्रचलित बुझाइको नेपाली भाषामा प्रगतिशील साहित्यको विधागत सिर्जना निकै समृद्ध र विस्तारित पनि भएकाले त्यसमा बेग्लाबेग्लै विधाको बेग्लाबेग्लै इतिहास लेख्नु उपयुक्त हुन्छ भने अन्य भाषाका प्रगतिशील साहित्यको इतिहास एकै ठाउँमा लेख्न सकिन्छ।

२) प्रचलित बुझाइको नेपाली भाषाको प्रगतिशील साहित्यको इतिहास लेखन गर्दा क) कविता, ख) कथा, ग) उपन्यास, घ) नाटक (एकाङ्की समेत) र ङ) आख्यानेतर गद्य (निबन्ध समेत) विधा गरी पाँच विधाका बेग्लाबेग्लै साहित्यको इतिहास लेखन गर्नु उपयुक्त हुन्छ। सम्भव छ भने छैठौं बाल साहित्यको बेग्लै इतिहास पनि लेखिन सक्छ। यस बारे प्रलेसले आफ्ना सीमालाई दृष्टिगत गरी निर्णय गर्नु उपयुक्त हुनेछ।

३) अन्य भाषाका प्रगतिशील साहित्यको इतिहास सम्भवतः मगर, थारु, नेपालभाषा, भोजपुरी, अवधी, मैथिली, राई जस्ता भाषाका साहित्यमा लेख्न सकिन्छ। यी भाषाका साहित्यका ज्ञाताहरुबाट बेग्लाबेग्लै इतिहास लेखाई तिनको आयाम हेरी एउटै ग्रन्थमा समावेश गर्न सकिएला।

४) साहित्यतिहास लेखनको पद्धति ऐतिहासिक भौतिकवादको इतिहास चेतनामा आधारित हुने कुरामा विवाद छैन तर माथि उल्लेख गरिए जस्तै नेपालमा मार्क्सवादका विभिन्न वैचारिक राजनैतिक स्कुलहरु भएकाले मार्क्सवादी समालोचकहरुको मूल्याङ्कनमा पनि विविधता आउनु स्वाभाविक छ। त्यसैले स्रष्टा छनोटका लागि कम्तीमा निम्न मानदण्डलाई आधारभूत तथा साझा मानदण्ड बनाउन सकिन्छ :

◆ सामन्तवाद - साम्राज्यवाद तथा विस्तारवाद विरोधी चेतना

◆ यथास्थितिवाद विरोधी तथा परिवर्तनकामी एवं क्रान्तिकारी चेतना

◆ नयाँ जनवाद, समाजवाद, साम्यवादप्रति आस्था

◆ कुनै पनि स्वरुपको वर्ग सङ्घर्षको समर्थन

◆ समग्र रुढि र अन्धताको विरोध तथा वैज्ञानिक चेतनाको पक्षपोषण

◆ वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, धार्मिक, वर्णगत लगायत सबै प्रकारका मानवीय विभेद र उत्पीडनको विरोध एवं आलोचना तथा मुक्तिको पक्षधरता

◆ अन्तर्राष्ट्रिय सर्वहारावादी चेतना, सर्वहारा मानवतावाद तथा कुनै पनि राष्ट्रको मुक्ति आन्दोलनको समर्थन

उक्त मानदण्डका बावजुद कतिपय विशिष्ट नेपाली सन्दर्भहरु हुन सक्छन् जसमा कुनै स्रष्टा कुनै कालखण्डमा अथवा कुनै कालखण्डको उसको रचना विशेष रुपमा विवादित हुन सक्छ अथवा त्यसबारे नेपाली प्रगतिवादी समालोचकका परस्पर भिन्न र विपरीत मूल्याङ्कन पनि हुन सक्छन्। 'जुनकीरीको सङ्गीत', 'आकाशगङ्गाको तीरैतीर', 'उदास शनिवार' लगायतका कृतिहरु यसका उदाहरण हुन सक्छन्। यसको समाधान यसरी गर्न सकिएला :

अ) स्रष्टा र सिर्जनाको उल्लेख गर्ने, त्यसका मूल प्रवृत्तिको उल्लेख गर्ने र त्यसमाथि नेपाली प्रगतिवादी समालोचकका फरक फरक विचार,अभिमत र मूल्याङ्कनको पनि उल्लेख गरेर अगाडि बढ्ने।

आ) प्रगतिशीलताका दृष्टिले अति विवादित र यथार्थको विद्रूपीकरण गरिएका कृतिको सूचीकरण नगर्ने

इ) कुनै चरण विशेषमा प्रगतिशील साहित्यभित्रकै धारागत पृथकतालाई भने बेग्लै ठाउँमा राखेर त्यसका प्रवृत्तिको उल्लेख गर्न सकिन्छ, जस्तै जनयुद्धको कालखण्डमा क) जनयुद्धलाई समर्थन गर्ने धारा ख) जनयुद्धप्रति आलोचक धारा।

यस्तै क) बहुदलीय जनवादलाई समर्थन गर्ने धारा ख) बहुदलीय जनवादप्रति आलोचक धारा

ई) जुन स्रष्टा जुन कालखण्डमा प्रगतिशील चेतनायुक्त छ, उसलाई त्यही कालमा राख्ने र पछिल्लो कालखण्डमा उसमा प्रगतिशील धाराबाट पथविचलन छ वा प्रगतिशील धाराको परित्याग छ भने त्यस कालमा उसको समावेशन नगर्ने।

उ) यति हुँदाहुँदै पनि कतिपय स्रष्टाका सन्दर्भमा साहित्यतिहासकारका विचार वा मूल्याङ्कनबारे प्रलेसले विशेष निर्णय लिनु पर्ने अवस्था हुन सक्दछ।

५) साहित्यतिहास लेखनको ढाँचा

क) प्रलेसको वर्तमान संरचनागत सीमाका कारण साहित्यतिहास लेखनलाई सूक्ष्म मूल्याङ्कनपरक बनाउनु सम्भव देखिँदैन। जति सूक्ष्म मूल्याङ्कनतिर जाने प्रयत्न गरिन्छ, लेखन त्यति नै निर्णयात्मक हुँदै जान्छ। यसो गर्दा वैचारिक मतैक्यताको स्थिति निर्माण नहुन सक्छ। त्यसैले आधारभूत रुपमा अहिलेको साहित्यतिहास लेखन रैखिक प्रकारको नै हुनु सम्भव छ जसमा बढीभन्दा बढी ऐतिहासिक तथ्यहरु/सूचनाहरु सङ्कलित/समाविष्ट हुन सकुन्। एक प्रकारले त्यो विवरणात्मक नै हुन्छ। माथि उल्लेख गरिएका प्रगतिशीलताका आधारभूत सूचक/मानदण्डलाई आधार बनाएर आग्रहरहित ढङ्गले स्रष्टाहरुको समावशेन / सूचीकरण गर्ने काम गर्नु पर्दछ जसबाट प्रत्येक विधाको सग्लो र ऐतिहासिक रुपरेखा तयार होस्।

ख) स्रष्टाहरु र तिनका सिर्जनाको सङ्कलन पश्चात् नेपाली समाजको विकास प्रक्रियाका सापेक्षतामा प्रगतिशील नेपाली साहित्यको काल विभाजन गर्नु पर्दछ। काल विभाजनको आधार निम्न सन्दर्भलाई बनाउनु पर्दछ :

◆ सामाजिक विकास/वर्ग संघर्षको ऐतिहासिक पृष्ठभूमि

◆ नव युग आगमन/निर्माणका कारणहरु : आर्थिक संरचना/वर्ग संघर्षले पारेको प्रभाव

◆ पूर्ववर्ती र समकालीन साहित्यिक पृष्ठभूमि

◆ परम्पराको निषेध र नवीन प्रवृत्तिको निर्माण

यी आधारमा काल निरुपण गरिसकेपछि प्रत्येक कालखण्डको सिर्जनाको सूचीकरण, सम्बन्धित स्रष्टाहरुका परिचय र तिनका सिर्जनागत प्रवृत्तिको उल्लेख गरेर अगाडि बढ्नु उपयुक्त हुन्छ।

ग) काल/चरण विभाजन नेपाली साहित्यमा गरिँदै आएको प्राथमिक, माध्यमिक र आधुनिक कालको परम्परागत चरण विभाजनकै रुपमा गर्नु आवश्यक छैन। यसै पनि प्रगतिवादी धारा आधुनिक कालकै प्राप्ति हो। त्यसैले राजनीतिक सामाजिक पृष्ठभूमिलाई आधार बनाएर सरल ढंगले काल विभाजन गर्न सकिन्छ। प्रस्तावका रुपमा यो ढाँचा उपयुक्त हुन सक्छ कि :

(१) प्रथम चरण : पञ्चायतपूर्वको कालखण्ड (आरम्भदेखि २०१६)

(२) द्वितीय चरण : पञ्चायत कालीन युग (२०१७ - २०४५)

(३) तृतीय चरण : पञ्चायत उत्तर युग : सशस्त्र वर्ग संघर्षको कालखण्ड (२०४६ - २०६२)

(४) चतुर्थ चरण ः गणतन्त्रको युग (२०६३ यता)

यसलाई यसरी पनि राख्न सकिएला ः

(१) पूर्ववर्ती चरण : आरम्भदेखि पञ्चायती कालखण्डसम्म (२००७ - २०४५)

पूर्ववर्ती चरणलाई क) पञ्चायतपूर्व युग र ख) पञ्चायती युग गरी दुई उपचरणमा विभाजन गर्न सकिन्छ।

(२) उत्तरवर्ती चरण (१) सशस्त्र वर्ग संघर्षको चरण (२०४६ - २०६२)

(३) उत्तरवर्ती चरण (२) गणतन्त्रको युग (२०६३ - यता)

घ) प्रत्येक चरणका स्रष्टाको परिचय र सिर्जनाको विवरण दिइसकेपछि स्रष्टापरक सूक्ष्म विवेचन सम्भव हुँदैन। तर सम्बन्धित काल/चरणका सिर्जनाको समग्र प्रवृत्तिगत उल्लेखन आवश्यक हुन्छ। यसमा साहित्यतिहासकार यथासम्भव निर्वैक्तिक रहेर तत् कालका विधागत सिर्जनाका मूलभूत प्रवृत्ति, प्राप्ति र सीमाको उल्लेख गर्नु आवश्यक र उपयुक्त हुने छ। यसो गर्दा सामाजिक इतिहास र साहित्यको परस्पर सम्बन्ध र साहित्यिक विकासमा सामाजिक इतिहासले पारेको प्रभावको सामान्य मूल्याङ्कन पनि हुन जानेछ। यसलाई अझ मूर्त रुपमा स्पष्ट पार्न म यहाँ

... बाँकी ७ पेजमा

कविता

सभ्यताको स्रष्टा

■ मित्रलाल पंज्ञानी

कल्ले रच्यो चन्द सूर्य कल्ले रच्यो तारा
कल्ले रच्यो पृथिवी र हावा पानी सारा
तिम्ले हैन तिम्रा बाजे बराजुले हैन
त्यसै कारण तिम्रो मात्रै अधिकार छैन
सबै जना पृथिवीमै बाँच्नु पर्छ खेली
पोलिछाड्छौँ कीर्ते तिम्रा कानुनका ठेली

मैले खनी बनाएको तिमी गुड्ने बाटो
म आफैले बिराएको तिम्रो ठुलो पाटो
म आफैले ठड्याएको तिमी बस्ने घर
हामी मर्ने ? बाँच्ने धोको तिम्रो मात्रै छ र ?
सभ्यताको स्रष्टा मै हुँ विज्ञानको कुलो
भोक्ता हुन पाइँदैन स्रष्टाभन्दा ठूलो

घाम रोक्न कल्ले सक्छ मेटिनेछ रात
पक्षपाती भाग्य लेख्ने अत्याचारी हात
द्यौता बनी स्वतन्त्रता खोस्न पाइँदैन
मान्छेलाई हेला गर्ने द्यौता चाहिँदैन
कुल्चेसम्म मानिसले मानिसको छाती
संघर्षको अन्त्य हुन्न सम्झ मान्छे जाति
(सृष्टिकर्ता कविता संग्रहबाट)

आशाको किरण

■ इन्दिरा अधिकारी

लाखौ लाख ताराहरुको
चहकिलो चमकले,
नसकेको अन्धकार चिर्न
जुन वनि उदाउनै पर्छ।

हुरी बतास संग जुड्दै
बाडी पहिरोवाट जोगिंदै,
भ्रमलाई छिचोल्न चुनौतीपुर्ण बाटो अपनाउदै।

मेघ गज्रिदै कालो मुडारिएर बादल,
असिनाका दाना संगै बर्षा बर्षदा
चट्टान फोडेर निस्कनु पर्छ ,
सतीसाल भई रहिरहन।

सक्दैन उडाउन
आँधीबेरी हुरी बतासले
बगाउन सक्दै सक्दैन
बाढी पहिरो र सुनामीले।

जल जमीन र जडिवुटी,
हरियाली बन जंगल
समृद्ध राष्ट्र बनाउन
सही बिजन छर्नुपर्छ।
थोरै भएर के भयोर
निराशाको जरा उखल्न सके,
बलियो बन्दछ मुठी पनि
आशाको किरण जगाउन सके।

युद्ध हो वा जनआन्दोलन
खेल्न नखोजेको कहाँ होर ,
बिचार या हतियार उठाएकै हो।
कोशिका बगाए पनि।

इतिहासलाई साँक्षी राखेर
सही बुटि समाएर
फलामे जन्जीरलाई तोड्दै
उठाउनु पर्छ उज्यालो प्रकाश छर्दै।

हिड्दै जाँदा उकाली ओराली
सहयात्रीलाई छोड्दै
चौतर्फी घेरा बन्दीको बन्द गृहवाट,
जाग्नुपर्छ चक्रव्यु तोडी।

समृद्ध वनाउन सकिन्छ
प्राकृतिकले सजिएको राष्ट्र ,
सही नीति निर्माण गरी
इच्छा शक्तिपुञ्जको ज्योती वाली।

क्रान्तिकारी विकल्पको ...

भएको झगडाका आधारमा आफूलाई जनताको र राष्ट्रको पक्षको भन्ने देखाउन खोज्ने !

अन्तर्विरोधको कारण

अहिले संसदीय राजनीतिक दलहरुका बीचमा जुन अन्तर्विरोध देखा परेको छ, त्यो खासै महत्वको विषयमा छैन भन्ने कुरा त माथिका विवरणबाट स्पष्ट नै छ। तथापि अहिले संसदीय पार्टीहरुका वीचमा जुन झगडा र अन्तर्विरोध चलिरहेको छ, त्यसका दुईवटा कारण छन् भन्ने देखिन्छ। पहिलो, नेपालमा भएको क्रान्तिप्रति धोखा र विश्वासघात गरेर जसरी प्रतिक्रान्ति गरियो, यसका निमित्त मुख्यतः यिनै तीन राजनीतिक दलहरु- नेका, एमाले र माके र मुख्यतः यसको नेतृत्व जिम्मेवार छ। प्रतिक्रान्ति त भयो तर त्यसलाई लागु गर्न सकिने वर्गीय, सामाजिक र राजनीतिक आधार बन्न सकेको छैन। ती दलहरुले पश्चगामी संविधान जारी गरेपछि संक्रमणकालको अन्त हुनेछ भन्ने परिकल्पना गरेका थिए, त्यो सोचाइ र योजना अवैज्ञानिक थियो र त्यसैले त्यो लागु हुन पनि सकेन। यसको अर्को कारण के हो भने यसमा मुख्य भूमिका खेल्ने वाह्य शक्ति भारत हो। यसको समाधान भारत सरकारको भूमिकामाथि निर्भर गर्दछ। यो अन्तर्विरोधको सामना गर्ने क्षमता यी दलहरुसँग छँदापनि छैन। अहिले यी पश्चगामी दलहरुका वीचमा जुन अन्तर्विरोध र किचलो देखा परेको छ, यो त्यसैको परिणाम हो। दोस्रो, यो अन्तर्विरोधभित्र भारत सरकारले बनाइदिएको यो कठ्पुतली सरकारका प्रधानमन्त्री जुनसुकै हालतमा पनि कुर्सीमा टिकिरहन चाहेका छन्। राजनीतिक नैतिकता भएको भए त उनले राजीनामा दिइसकेका हुने थिए, तर यो सर्वविदित छ कि उनमा त्यो नैतिकता छैन। यसपछि प्रतीक्षारत प्रम देउवा कहिले नौ महिना पुग्ला र त्यो कुर्सीमा आसिन हुन पाइएला भनेर अधैर्यताका साथ प्रतीक्षा गरिरहेका छन्। प्रतिपक्षका नेता यही परिस्थितिमा सरकार बदलेर आफूले नेतृत्व गर्ने दाउमा भएको देखिन्छ। यो स्थितिमा ध्यान दिंदा यो झगडा कतै न कतै सरकारको खेलसँग पनि गाँसिएजस्तो पनि देखिन्छ।

क्रान्तिकारी विकल्पको तयारी

माथि नेपालका संसदीय राजनीतिक पार्टीका बीचमा यतिखेर देखापरेको अन्तर्विरोधका विषयमा जुन चर्चा गरियो, त्यसले के कुरा स्पष्ट हुन्छ भने नेपाल अहिले पनि संक्रमणकालिन अवस्थामा नै छ। यो संक्रमणकालिन अवस्थाको अन्त गर्ने क्षमता यो समस्या पैदा गर्नका लागि जिम्मेवार संसदीय दलहरुसँग छैन र हुन पनि सक्दैन। नेपाली जनता विद्यमान समस्याको समाधान कसरी हुन सक्दछ भन्ने विषयमा अझै स्पष्ट हुन सकिरहेका छैनन्। यस बीचमा नेपाली जनताको सोचाइमा केही सकारात्मक परिवर्तन अवश्य देखिएका छन्। एउटा सफलताको सन्निकट पुगेर असफल हुन पुगेको क्रान्ति र त्यसलाई विस्थापित गर्ने प्रतिक्रान्तिका कारण नेपाली समाजमा लामो समयसम्म अन्योल कायम रह्यो। जनतामा निरासा, अविश्वास व्यापकरुपमा देखापऱ्यो। ठूला ठूला प्रतिक्रान्तिका घटना हुँदा, ठूला ठूला राष्ट्रघाती कामहरु हुँदा पनि नेपाली जनताले संघर्षमा उत्रने चाहना देखाएका थिएनन्। क्रान्तिकारी पार्टीहरुले नेपाली जनतालाई संघर्षका निमित्त उत्साहित गर्न सकेका थिएनन्। तर यहाँसम्म आइपुग्दा परिस्थितिमा केही सकारात्मक परिवर्तनहरु देखापरेका छन्। जनतामा निरासाको मात्रा विस्तारै घट्दै गएको छ। प्रतिक्रान्तिका बिरुद्ध संघर्ष गर्ने मनस्थिति तयार हुँदै गएको छ।

क्रान्तिकारी आन्दोलन अघि नबढ्नुको कारण जनता हुन् भनेर जनतालाई दोष दिने वा जनतालाई आरोपित गर्ने काम गलत हो। यसको कारण क्रान्तिकारी राजनीतिक पार्टीहरुले अन्य परिस्थिति र आफूभित्रै खोज्नु पर्दछ। जनताको सोचाइमा आएको यो सकारात्मक परिवर्तनलाई गहिरोसँग अध्ययन गरेर नेपालमा विद्यमान् यो संकटलाई क्रान्तिमा बदल्ने काममा हामीले गम्भीरतापूर्वक सोचिरहेका छौं। हाम्रो पार्टी, नेकपा (क्रान्तिकारी माओवादी)ले यसबारे गम्भीरतापूर्वक विश्लेषण गरेर आगामी केन्द्रीय समितिको बैठकमा महत्वपूर्ण निर्णय गर्ने योजना बनाएको छ।

भारतीय हस्तक्षेपको बिरोध र राष्ट्रिय स्वाधीनताको रक्षा सम्बन्धी विषयहरु, प्रतिक्रियावादी संविधानको खारेजी र जनगणतन्त्रात्मक संविधानको निर्माण र बेरोजगारी र भ्रष्टाचारको अन्त्य आदि विषयहरु नेपालमा संघर्षलाई अघि बढाउनका लागि प्रमुख विषयहरु हुन्। यसका निमित्त मुद्दा मिल्ने राजनीतिक शक्तिहरुसँग कार्यगत एकता वा संयुक्त मोर्चा निर्माण गर्ने प्रयासलाई पनि अघि बढाउनु आवश्यक छ। यही ०७३ पौष १ गते नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मशाल) र नेकपा (माओवादी) बीच भएको भारतीय हस्तक्षेप र राष्ट्रिय स्वाधीनता सम्बन्धी विषयमा संघर्षलाई अघि बढाउनका लागि गरिएको कार्यगत एकता यस सन्दर्भमा गरिएको सकारात्मक प्रयास हो। यस प्रकारका प्रयत्नलाई अघि बढाउँदै लैजानु पर्दछ। जनतामा देखापरेको संघर्षको सोचलाई क्रान्तिकारी आन्दोलनसँग जोड्नु पर्दछ। एउटै चरित्र भएका पश्चगामी राजनीतिक दलहरुमध्ये कहिले एउटाको र कहिले अर्काको नेतृत्वको पछि लागेर कहिल्यै पनि अग्रगामी परिवर्तन ल्याउन सकिन्न। क्रान्तिकारी एजेण्डामा आधारित विषयहरुमा संघर्षलाई अघि बढाएर मात्र अग्रगमनतिर अघि बढ्न सकिन्छ। पश्चगामीका बिरुद्धमा पश्चगामी विकल्प सही होइन। पश्चगामीका बिरुद्ध क्रान्तिकारी नै सहि विकल्प हो। अब हामी क्रान्तिकारी विकल्पको तयारीमा जुट्ने बेला भैसकेको छ। यसका निमित्त स्थिति विस्तारै अनुकूल बन्दैछ। --२०७३।९।२

वेमौसमको बाजा ...

कुरा अगाडि ल्याएर फेरि जनतालाई उल्लु बनाउदैछन्। जुन बेमौसमी बाजा हो। स्थानीय चुनावले जनताका आकांक्षा समस्या हल हुन सक्दैन। यसको साटो जनतामा प्रत्यक्ष प्रभाव पार्ने शिक्षा, स्वस्थ, अर्थतन्त्रसंग सम्बन्धित पक्ष समेटेर यो भन्दा प्रगतिशिल संशोधनको प्रस्ताव आउनुपर्ने हो। त्यसो हुन नसकेर स्थानीय निकायको निर्वाचनको पासा फ्याँकिएको छ। कसरी कुन संविधान अर्न्तगत ? फेरि बाधा अडकाउ, राष्ट्रपति गुहार्ने। यो समस्याको निकास होइन। लहड हो। टालटुले नीति हो, जसले देशलाई निकास दिन सक्दैन। मानिलिउँ, स्थानीय निकायको चुनाव भए पनि धाँधली भयो भनेर माकेका कार्यकर्ताको एकाध जुलुस देख्न पाईएला। आलि अलि चक्का जाम पनि होला। आँफैले गराएको चुनाव भएको हुदा स्वीकार्नु वाध्य भयौं जस्ता एकाध विज्ञप्ती आउलान्। गत संविधान सभाको चुनाव स्वीकार्ने बाध्यता जस्तै हुनेछ। तर समस्या जहिंको तहीं रहने देखिन्छ। अतः स्थानीय निकायको चुनावले नौटंकीभन्दा संसदमा भएका पार्टीहरु र संसद बाहिरका पार्टीहरुबीच फेरि पनि गोलमेच सम्मेलनको आवश्यकता देखिन्छ र नयाँ विकल्पसहितको संविधानले पश्चगमनको यात्राको सुरुवात विन्दु हुने भएकोले बेमौसमको बाजाले देशको निकास दिँदैन।

प्रगतिशील नेपाली ...

कविता विधाको इतिहास लेखनको एउटा रुपरेखा प्रस्तावित गर्न चाहन्छु।

प्रगतिशील नेपाली कविताको इतिहास

पहिलो अध्याय

१. प्रगतिशील नेपाली कविताको पृष्ठभूमि

१.१ राजनीतिक पृष्ठभूमि

(ऐतिहासिक र समकालीन)

१.२ सामाजिक पृष्ठभूमि (आर्थिक, सांस्कृतिक समेत)

(ऐतिहासिक र समकालीन)

१.३ साहित्यिक पृष्ठभूमि

(ऐतिहासिक र समकालीन)

दोस्रो अध्याय

२. प्रगतिशील नेपाली कविताको आरम्भ र विकास

२.१ प्रगतिशील नेपाली कविताको आरम्भ/उठान

२.२ प्रगतिशील नेपाली कविताको विकास क्रम

यस अन्तर्गत चरण/काल विभाजन गर्ने

(१) प्रथम चरण : पञ्चायतपूर्वको कालखण्ड (आरम्भदेखि २०१६)

(२) द्वितीय चरण : पञ्चायत कालीन युग (२०१७ - २०४५)

(३) तृतीय चरण : पञ्चायत उत्तर युग : सशस्त्र वर्ग संघर्षको कालखण्ड (२०४६ - २०६२)

(४) चतुर्थ चरण : गणतन्त्रको युग (२०६३ यता)

(यस खण्डमा प्रत्येक चरणको चिनारी दिने। सम्बन्धित चरणका स्रष्टाहरुको परिचय र तिनका सिर्जनाको विवरण दिने। प्रत्येक चरण/कालखण्डका स्रष्टा र सिर्जनाको प्रविष्टिमा क्षेत्रीय तथा लिङ्गीय उपस्थितिप्रति सचेत रहने।)

तेस्रो अध्याय

प्रथम चरणको प्रगतिशील नेपाली कविता (आरम्भदेखि २०१६)

प्रथम चरणका प्रमुख प्रवृत्तिको सङ्क्षिप्त विवेचना र त्यस प्रवृत्तिको निर्माणमा संलग्न /सक्रिय स्रष्टाहरु र तिनका प्रमुख सिर्जनाको उल्लेख। प्रमुख प्रवृत्ति यी हुन सक्छन् :

क) दिल्ली सम्झौता तथा भारतीय विस्तारवादको विरोध तथा आलोचना

ख) पुँजीवादी - साम्राज्यवादी उत्पीडनको

ग) महिलामाथिको सामन्ती तथा पितृसत्तात्मक उत्पीडनको विरोध तथा आलोचना

आदि..............

अध्यायका अन्त्यमा, निष्कर्ष

चौथो अध्याय

द्वितीय चरणको प्रगतिशील नेपाली कविता (२०१७ - २०४५)

पाँचौं अध्याय

तृतीय चरणको प्रगतिशील नेपाली कविता (२०४६ - २०६२)

छैठौं अध्याय

चतुर्थ चरणको प्रगतिशील नेपाली कविता (२०६३ यता)

अध्यायभित्र सामग्री विश्लेषणमा ध्यान दिनु पर्ने कुराहरु स

(माथि दिइएको नमुना अनुरुप प्रत्येक चरणमा पाइने प्रवृत्तिलाई शीर्षकीकरण गरी तत् तत् प्रवृत्तिको निर्माणमा सक्रिय स्रष्टा र तिनका प्रमुख सिर्जनाको उल्लेख गर्दै जाने। त्यस क्रममा कुन प्रवृत्ति परम्पराको निरन्तरताका रुपमा र कुन त्यस चरणको नवीन प्रवर्तनका रुपमा आएका हुन् भन्ने कुराको व्याख्या पनि गर्दै जाने। साथै, ती प्रवृत्तिले तत्कालीन सामाजिक यथार्थसँग के कस्तो सम्बन्ध राख्दछन् भन्ने कुराको व्याख्या पनि गर्ने। अध्यायका अन्त्यमा निष्कर्ष दिने। निष्कर्षमा सम्बद्ध चरणका प्रगतिशील कविताको रचनात्मक स्थिति, प्रवृत्तिगत वैशिष्ट्य, पूर्ववर्ती चरणका तुलनामा त्यस चरणका प्रवृत्तिगत नवीनता र प्राप्ति, सामाजिक यथार्थसँग कविताको सम्बन्ध तथा यथार्थको प्रतिबिम्बनमा कविताको सामर्थ्यका कोणबाट निष्कर्षीकरण गर्ने।

सातौं अध्याय

उपसंहार

अन्तिम अध्यायका रुपमा उपसंहार राख्न सकिन्छ। यसमा पूर्ववर्ती सबै अध्यायको निष्कर्ष प्रस्तुत गर्नु उपयुक्त हुनेछ।

अन्त्यमा अनुक्रमणिकाको व्यवस्था गरी लेखक र कृतिको ष्लमभह प्रस्तुत गर्नु राम्रो हुने छ। त्यसै गरी परिशिष्टमा साहियित्क इतिहासका प्रमुख घटना, साहित्यिक पत्रपत्रिकाको प्रकाशन जस्ता पक्षसँग सम्बन्धित सूचनाहरुको प्रस्तुति पनि आवश्यक र उपयुक्त हुने छ।

अन्त्यमा ,

कविता विधाका लागि प्रस्तावित यो ढाँचा अन्य विधाको इतिहास लेखनका लागि पनि उपयुक्त हुन्छ भन्ने विश्वास मैले लिएको छु। अन्य नेपाली भाषाका साहित्यको इतिहास लेखनमा भने चरणगत काल विभाजन र प्रवृत्तिलाई बेग्ला बेग्लै अध्यायमा नछुट्याई चरणगत रुपमा छुट्याइएका अध्यायभित्रै स्रष्टा र तिनका सिर्जनाको विवरणसँगै प्रवृत्तिको व्याख्या पनि सोही अध्यायमै गर्न सकिन्छ। जसरी गरे पनि सामग्री विश्लेषण गर्दा माथि सङ्केतित आधारहरुको उपयोग गर्नु आवश्यक र उपयुक्त हुने छ।

राष्ट्रिय स्वाधीनताको ...

एकताको लागि पहल गर्ने तीनदलबीच सहमति बनेको छ।

राष्ट्रियता, जनतन्त्र र जनजीविका मुद्दाहरुलाई आधार मानेर कार्यगत एकता गर्न खोजिएको भए पनि तत्काल जनतन्त्रन्तर्गत वर्तमान संविधानलाई हेर्ने र संघीयताको विषयमा तीन पार्टीबीचमा एजेण्डा नमिल्ने स्थिति देखिएपछि राष्ट्रियता र जनजीविकाका सवालमा कार्यगत एकता गर्ने समझदारी बनेको हो।

स्मरण रहोस् कि क्रान्तिकारी माओवादीले जातीय आत्मनिर्णयको अधिकारसहितको संघीयताको पक्षमा दृढरुपमा वकालत गर्दै आएको छ भने नेकपा (मसाल)ले संघीयताको पूर्णरुपमा विरोध गर्दै आएको छ। नेकपा (माओवादी)ले पनि संघीयताको पक्षमा आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको छैन। नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (माओवादी)ले वर्तमान संविधानलाई पश्चगामी र जनविरोधी भन्दै त्यसको खारेजीको माग गर्दै आएका छन् भने नेकपा (मसाल)ले त वर्तमान संविधानलाई स्वीकार मात्रै गरेको छैन, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी ओली नेतृत्वको सरकारका उपप्रधानमन्त्री नै थिए। तथापि, राष्ट्रिय स्वाधीनताको सवालमा यी तीनवटै पार्टीको समान धारणा रहँदै आएको छ। सिपी मैनाली नेतृत्वको नेकपा (माले) र नारायणमान विजुक्छे'रोहित'ले पनि राष्ट्रिय स्वाधीनताको पक्षमा समान धारणा राख्दै आएका छन्। राष्ट्रियता र जनजीविकाका मुद्दा मिल्ने विभिन्न पार्टी र व्यक्तिहरुसँग सहकार्य गरी वृहत् राष्ट्रवादी संयुक्त मोर्चा निर्माणको दिशामा पहलकदमी लिंदै अगाडि बढ्ने तीन दलीय सहमित बनेको छ।

तीन दलीय सहमति अनुसार कार्यगत एकतालाई निरन्तर रुपमा अगाडि लैजाने समझदारी गर्दै २२ अप्रिल(बैशाख ९)मा अक्टोबर क्रान्तिको शतवार्षिकी पनि संयुक्त रुपमा मनाउने निर्णय गरिएको छ। शतबार्षिकी बर्षभरि विभिन्न कार्यक्रम गरेर पार्टीगत हिसाबले मनाए पनि संयुक्त रुपमा मनाउने निर्णयले आम वामपन्थी क्रान्तिकारीहरुमा यसले राम्रो सन्देश जाने क्रान्तिकारी बुद्धिजीविहरुको विश्लेषण छ।

जम्काभेट

क्रान्तिकारी माओवादीबाट मात्रै जनजातिको मुक्ति सम्भव छ

बिबि याङ्फू (रिसछैन) राई
के.स.
अ.ने.आ.ज. महासंघ

» ***नेपालमा आदिबासी जनजातिहरुको वास्तविक समस्या के हो र यसको समाधानका लागि के जरुरी छ ?***

राज्यबाट उपेक्षित र उत्पीडित हुनु, नेताहरुमा दूरदर्शी मानसिकताको कमी। हिजो, आज र भोलिको निम्ति काम गर्न नसक्नु, परिवर्तित समय नचिन्नु। सही विचार र दृष्टिकोणको आधारमा आन्दोलनको उठान र त्यसलाई गन्तव्यसम्म पुऱ्याउन नसक्नु हो। आदिवासी जनजातिको मुक्तिको लागि जातीय आत्मनिर्णयको अधिकारसहितको संघीय राज्यको स्थापना मुख्य शर्त हो। अहिले नेकपा (क्रान्तिकारी माओवादी)ले आदिवासी जनजातिको वास्तविक मुक्ति दिलाउने नीति लिएको छ।

» ***नेपालमा क्रान्तिकारी माओवादी अन्य माओवादी पार्टी भन्दा के कसरी क्रान्तिकारी छ ? भन्न सकिन्छ ?***

माओवादी केन्द्र प्रतिक्रियावादी दिशान्मुख छ। उसले जनताका सबै एजेण्डाहरु सडकमै छोडेर सिंहदरबार पऱ्यो। विप्लव माओवादी सत्ता साझेदारीको वार्गेनिङ गरिरहेको छ। अहिले जनताका एजेण्डा लिएर निष्ठापूर्वक संघर्ष गर्ने पार्टी भनेकै नेकपा (क्रान्तिकारी माओवादी) हो। जनताको मुक्तिकामी क्रान्तिकारी पार्टी भनेकै क्रान्तिकारी माओवादी हो। जसले मालेमावादी सिद्धान्तलाई इमान्दारिताका साथ नयाँ तरिकाले नेपाली धर्तीमा प्रयोग गरेर अगाडि बढ्ने प्रण लिएको छ।

» ***नयाँ जनवादी क्रान्तिका निम्ति बाँकी कार्यभार पूरा गर्न क्रान्तिकारीहरुले निर्वाह गर्नुपर्ने दायित्व केकस्तो देख्नुहुन्छ ?***

नेपालमा नयाँ जनावदी क्रान्ति सम्पन्न गर्नका निम्ति क्रान्तिकारी माओवादीले लिएको मालेमा विचारलाई दृढताका साथ समात्नु, निराशा र निष्क्रियतासँग जुध्नु, जनतासँग घनिष्ठ सम्बन्ध बनाउनु, विचार र व्यहारको सन्तुलन मिलाउनु, श्रम र उत्पादनलाई जोड दिनु र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नु, पार्टी र क्रान्तिका विरुद्ध जनतामा रहेको भ्रमलाई चिर्न निपूर्ण हुनु र वर्गवैरीप्रति तीव्र घृणा पैदा गर्नु क्रान्तिकारीहरुको प्रमुख दायित्व हो। यसलाई विशेष गरी युवा क्रान्तिकारीहरुले विशेषरुपले आत्मसात् गर्न जरुरी छ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

आलोपालो

उदारीकरण, भुमण्डलीकरण र मजदुर आन्दोलन

ईश्वर तिमिल्सिना

मजदुर वर्गको श्रमको दोहोन गरेर नाफा कुम्ल्याएको पुँजीपतिवर्गले जब प्रतिस्पर्धात्मक चरित्र अस्वीकार गरेर एकाधिकारी पुँजीवादमा बदलिन्छ, त्यो साम्राज्यवाद हुन्छ। आज साम्राज्यवाद विश्वव्यापी श्रम र साधनमाथि एकाधिकार कायम गरेर विश्वका मजदुर वर्गमाथि जुन लुट मच्चाई रहेको छ, त्यसका निमित्त उसले औद्योगिक विकास, बजारको विस्तार, औद्योगिक मैत्री श्रम निति, खुल्ला बजार, राज्यको तटस्थता आदि जस्ता नाराहरुलाई लागु गर्दै आइरहेको छ। यसलाई समग्रमा उदारीकरणको विविध आयमको रुपमा बुझ्न सकिन्छ। यदपी उदारीकरणको मूल पक्ष भनेको औद्योगिक विकास र विस्तारको लागि अवरोध बनेका देशका कानुनहरु, प्रशासनिक जटिलताहरु, श्रमिकहरुका आवाजहरु राज्यका नितिहरुलाई खुकुल्लो पारी औद्योगिक विकासका लागि अनुकूल वातावरण बनाउने निति बनेर बुझ्न सकिन्छ।

उदारीकरणको यो नीति कुनै क्षेत्र, देश वा भूगोलको सीमाभित्र मात्र छैन, यो विश्वब्यापी रुपमा ब्याप्त हुनुले भूमण्डलीकृत रहेको छ। पुँजीवादी एकाधिकारलाई विश्वब्यापी रुपमा लागु गर्दा श्रम र पुजीवीचको अन्तर विरोधले पनि विश्वब्यापी चरित्र ग्रहण गर्दै गहिरहेको कुरा सहजै बुझ्न सकिने भएको छ। अतः लेनिनले भने झैं "आजको युग सर्बहारा वर्ग र साम्राज्यवादवीचको संघर्षको युगको हो" लाई नै पुनर पुष्टि गरिरहेको छ। भूमण्डलीकृत साम्राज्यवादले देश, क्षेत्र, भुगोलका निश्चित सिमाहरु भत्काएर विश्वब्यापी रुपमा, साधन, स्रोत र श्रमको लुट गरेर एकातिर मुठीभर पुजीपति वर्गको हातमा अथाहा साधन, स्रोत र पुजीको केन्द्रीकरण गरिरहेको छ भने अर्कोतिर श्रमिक वर्गको विशाल हिस्सा अभाव, गरिवी र वेरोजगारीको सिकार भएर भौतारीइरहनुपर्ने बाध्यतात्मक अवस्था रहेको छ। यस सन्दर्भमा हामी मजुदर वर्गका अगाडि क्रान्तिकारी मजदुर आन्दोलन मार्फत पुजीवादी लुटका विरुद्ध कसरी आन्दोलनलाई संगठीत गर्न सकिन्छ भन्ने प्रश्न जवाफ खोज्नु परेको छ।

आज परम्परागत रुपले मजदुर आन्दोलनको नेतृत्व गर्न खडा भएका मजदुर संगठनहरु पुजीपति वर्ग कै सहतकर्ताको रुपमा पत्न भइरहेको तित्तो यथार्थको ठीक चित्रण र भण्डाफोर गरेर मात्र हामीले क्रान्तिकारी मजदुर आन्दोलनको विकास गर्न सामर्थवान हुनेछौ भन्ने कुरा स्पष्ट पार्नु नै हाम्रो कदम हुनेछ। खासगरी श्रम र पुजी अर्थात श्रमिक वर्ग र पुजीपति वर्गकावीचमा अतिरिक्त पुजीको (नाफा) न्यायसंगत वितरणको विषयलाई लिएर संघर्षहरु भैरहेका हुन्छन्। पजीपति वर्गले मजदुर वर्गको श्रम कुम्ल्याएर पुजीको केन्द्रिकरण गरिरहेको हुन्छ भने मजदुरहरुले श्रमको उचित मूल्य प्राप्त गर्न विभिन्न स्वरुपका संघर्षहरु गरिरहेका हुन्छन्। पुजीपतिवर्गले राज्य र शासन सत्तामा आफ्नो प्रभाव विस्तार गरेर राजनीतिक, प्रशासनिक तथा कानुनी दमन गरेर मजदुर वर्ग माथिको शोषणलाई न्यायचित अधिकारको रुपमा स्थापित गरि रहेको हुन्छ भने मजदुरहरुले आफ्नो संगठन मार्फत संघर्षद्वारा पुँजीपति वर्गका विरुद्ध संघर्ष गरिरहेका हुन्छन्। मजदुर र पुजीपति वर्गको संघर्षमा विजय प्राप्त गर्ने ध्ययका लागि पुजीपतिवर्गले राज्य सत्ताका अलावा स्वयम् मजुदर संगठनहरुलाई समेत प्रभावमा पार्ने र त्यसको हतियारको रुपमा मजदुर नेतृत्वको किनबेच, अभिजातियकरण र दमनको प्रयोग गर्ने गर्दछ। आजको परिवेशको विश्व पुजीवादले मजदुर संगठन र नेतृत्वका विरुद्ध दमनको तरिका भन्दा संगठनको अभिजातीयकरण र नेतृत्वको खरिद विक्रकिो तरिकालाई संसारै भरि प्रयोग गर्दै आइरहेको देख्न सकिन्छ। हामीले हाम्रै देशमा रहेका ट्रेडयुनियनहरुलाई हेर्ने हो भने मजदुरहरुमा प्रभाव भएका ठूला भनिएका संगठनहरुका क्रियाकलाप र भूमिकाहरुबाट प्रष्ट हुन सकिन्छ। ती संगठनहरुका नेतृत्वको मूख्य हिस्सा हरेक महिना जसो संसारका विभिन्न देशहरुमा भ्रमण गरिरहेका हुन्छन्। जिफण्ट, ट्रेडयुनियन कंग्रेस वा माओवादी केन्द्र सम्बद् ट्रेडयुनियन नेताहरुको जीवन पद्धति, रहन, सहन र आचारण जस्ता क्रियाकलाप माथि सामान्य नजर मात्र लगाउने हो भने खासमा तिनीहरु मजुदर वर्गका प्रतिनधी भन्दा पनि पुजीपति वर्ग तयार पारिदिएका विभिन्न परियोजनाहरु लागु गर्ने त्यसको विश्वब्यापी प्रचार अभियानमा दौड्ने, कथित समृद्धिको कुरा गरेर श्रमिक वर्गका आधारभूत हक, हित र अधिकारलाई कुण्ठित गर्ने, विषयान्तर गर्ने र पुजीपति वर्गको पक्षमा पैरवी गर्ने स्पष्ट देख्न सकिन्छ।

अन्त्यमा, उदारीकरण र भुमण्डीकरण नारा दिएर बहुआयामिक तरिका द्वारा मजदुर वर्गको दोहन गरि रहेको विश्व पुजीवादले मुठ्ठीभर मान्छेहरु र राष्ट्रहरुको हातमा साधन, स्रोत र सम्पत्तिको केन्द्रिकरण गरिरहेको छ। यसले एकातिर उत्पिडीत राष्ट्र र साम्राज्यवादवीचको अन्तर विराधलाई चरकाईदिएको छ भने अर्कोतिर संसरै भरिका मजदुर वर्गको असन्तोष र प्रतिरोधका साथै क्रान्तिकारी मजदुर आन्दोलनको ढोका समेत खोलिदिएको छ। यस परिवेषमा हामीले मजदुर आन्दोलनमा पैदा भएका पतनशिल ट्रेडयुनियनहरु र तिनीहरुको नेतृत्वप्रति तीव्र घृणा गरेर मात्र आन्नद लिन सक्दैनौ, बरु संसारैभरिका क्रान्तिकारी मजदुरहरुसँग एकाकार हुदै आफ्नै देशको मौलिकतालाई बुझेर क्रान्तिकारी मजदुर आन्दोलनको बेग श्रृष्टि गर्ने बेला भैसकेको छ। हामी प्रतिबद्ध छौ, तपाईहरुको प्रतिबद्धता र लगनशिलता खाँचो छ। आउनुहोस्, तपाई र हामी मिलेर क्रान्तिकारी मजदुर आन्दोलनको विकास गरौं !

(लेखक अखिल नेपाल क्रान्तिकारी ट्रेडयुनियन महासंघका संयोजक हुन्।)

४२ दिनमा खाजामा मात्रै अर्थमन्त्रालयले सक्यो १८ लाख

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

अर्थ मन्त्रालयले ४२ दिनमा खाजामा मात्रै करिब १८ लाख सकेको छ। उसले खाजा खाएको भन्दै करिब १८ लाखको बिल सार्वजनिक गरेको छ। भदौ र असोज महिनामा मन्त्रालयभित्र भएको बैठकमा खाजा खाँदा १७ लाख ५७ हजार खर्च भएको विल अर्थ मन्त्रालयले आफ्नो वेबसाइटबाट सार्वजनिक गरेको हो। यी दुई महिनामा जम्मा ४२ दिनमात्रै सरकारी कार्यालय खुलेका थिए।

मन्त्रालयले खाजासम्बन्धी कुनै व्यवस्था छैन। कर्मचारीले आफ्नै पैसाबाट खाजा खानुपर्ने व्यवस्था छ। दुई महिनामा जम्मा ४२ दिन कार्यालय खुल्दा अर्थ मन्त्रालयमा कतिवटा बैठक भएका थिए, उल्लेख भएको छैन। प्रतिदिन हिसाब गर्दा एक दिनमा अर्थ मन्त्रालयले करिब ४१ हजारका दरले खाजा खुवाएको देखिन्छ।

अखिल (क्रान्तिकारी) जुट्यो संगठन विस्तारमा

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) देशव्यापी संगठन विस्तार अभियानमा जुटेको छ। यसै अभियानन्तर्गत काठमाडौंको अस्कल क्याम्पसमा इकाई समिति निर्माण गरिएको छ। बिहीबार भएको एक भेलाले राजेश भट्टराईको अध्यक्षतामा ५१ सदस्यीय समिति निर्माण गरेको छ।

समितिको उपाध्यक्षहरुमा गोविन्द खनाल, सुरज जिसी, समिर राम, रविन भारती र अभिषेक चौधरी चयन भएका छन् भने सचिवमा विजय तामाङ छन्।

यसैगरी सहसचिवमा विवेक लोचन, कृष्णप्रसाद ताजपुरिया, नविन आचार्य, ज्ञानेन्द्र यादव र किरण खतिवडा तथा कोषाध्यक्षमा आयुशा रानाभाट चयन भएका छन्।

अखिल (क्रान्तिकारी)को संगठन निर्माण केन्द्रीय अभियानअन्तर्गत देशब्यापी रुपमा संगठन निर्माण, पुनर्निर्माण अभियानमा जुटेको छ।

शंखरापुर नगर समितिमा श्रेष्ठ

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)को शंकरापुर नगर समिति गठन भएको छ। क्रान्तिकारी माओवादीका पूर्वी काठमाडौं जिल्ला समितिका संयोजक हरिकृष्ण गजुरेलको उपस्थितिमा समिति गठन भएको हो।

समितिको संयोजकमा दानबहादुर श्रेष्ठ रहेका छन् भने सहसंयोजकहरुमा घनश्याम दाहाल, मदन वाईबा र राधाकृष्ण थापा रहेका छन् भने सदस्यहरुमा सुरेश श्रेष्ठ, कुवेर खत्री, चेतनाथ दंगाल र सूर्य तामाङलगायत रहेका छन्।

प्रचण्ड सरकारले ...

नोट साट्ने व्यवस्था मिलाउन आग्रह गरेको छ। नोटबन्दीपछि नेपाल र भारतका प्रधानमन्त्री तथा दुवै देशका केन्द्रीय बैंकका गर्भनरबीच पनि कुराकानी समेत भएको थियो। भारतले नेपाली जनतासँग रहेको नोट साट्ने व्यवस्था मिलाउनका लागि सकारात्मक रहेको बताएपनि अहिलेसम्म कुनै प्रगति भने हुन सकेको छैन। सन् २०१४ मा नेपाल र भारतबीच भएको सम्झौताअनुसार हरेक नेपालीले २५ हजार रुपैयाँ सम्म भारतीय रुपैयाँ राख्न पाउछन्। त्यसअघि नेपालमा ५ सय र १ हजार दरका नोट चन्दैन थिए। सोही सम्झौतापछि नेपालका भारतसँग सीमा जोडिएका क्षेत्र र व्यापारिहरुले भारतीय रुपैयाँ सन्चित गर्ने गरेका थिए। गत नोभेम्बर ८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राति ८ बजे आफ्नो भाषणको चार घन्टापछि ५ सय र १ हजार दरका नोट नचल्ने घोषणा गरेपछि यसले भारतीय अर्थतन्त्रमा ठूलो हलचल पैदा गरेको छ। जसको असर नेपालीमा पनि परेको छ। नोटबन्दीका कारण भारतमा मजदुरी गर्न गएका निम्न आय भएका नेपाली, सीमा क्षेत्रमा बसोबास गर्ने तथा भारतीय रुपैया सञ्चित गरेका व्यक्तिहरु समस्यामा परेका छन्। कालोधन नियन्त्रणका लागि भन्दै भारतले यस्तो कदम चालेको हो। नेपाल सरकारले पनि भारतसँग नोटबन्दीको समस्याबाट पीडित भएका जनताको पक्षमा ठोस कदम चाल्न सकेको छैन। भारत सरकारसँग औपचारिक कुराकानी गरेपनि त्यसलाई गम्भीरतापूर्वक नउठाउँदा भारती बैंकमा खाता नभएका नेपालीलाई नोट साट्न समस्या भएको छ।

परम्परालाई रुपान्तरण ...

माल्यार्पण गर्नुका साथै स्व.चौलागाईंका जेठा छोरा शर्मालाई पार्टीको तर्फबाट हार्दिक समवेदना पत्र प्रदान गर्नुभएको थियो। समवेदना पत्रको वाचन पार्टीका कार्यालय सदस्य तथा प्रवक्ता हरिभक्त कँडेल'प्रतिक'ले गर्नुभएको थियो।

गोपाल घिमिरेले सञ्चालन गरेको श्रद्धाञ्जलीसभामा पार्टीका केन्द्रीय सचिवालय सदस्य पवनमान श्रेष्ठ, राम आचार्य, केन्द्रीय सदस्यहरु सुरेश श्रेष्ठ, आकाश, शारदा महतलगायत नेवाराज्य अन्तर्गत कार्यरत पार्टी, जबस, मोर्चाका नेताहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

स्व. नरहरि चौलागाईंका दुई श्रीमतीहरु धनमाया (स्वर्गीय) र भद्रकुमारी चौलागाईंका तर्फबाट नौ भाइ छोराहरु, ७ बहिनी छोरीहरु, १७ जना नातिहरु, २८ जना नातिनीहरु, २ पनाती र ३ पनातिनीहरुसमेत गरी ८४ जना सन्तानहरु रहेका छन्। उहाँका जेठा छोरा दिनेश शर्मा'सागर' क्रान्तिकारी माओवादीको केन्द्रीय सचिवालय सदस्य एवं नेवा राज्य इन्चार्ज हुनुहुन्छ भने शर्माकी जीवनसंगिनी लक्ष्मी मुठभरी पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ। चौलागाईंको मंसिर २२ गते उपचारको क्रममा वीर अस्पतालमा निधन भएको थियो। उहाँले लामो समयदेखि पार्टीलाई विभिन्न रुपमा सहयोग पुऱ्याउँदै आउनु भएको थियो।

संशोधनको नाममा ...

भएको थियो। अहिले ५ नम्बर प्रदेशमा रहेका पहाडी जिल्लाहरुलाई हटाएर नयाँ सीमांकनको प्रस्ताव ल्याइएपछि त्यसको चौतर्फी विरोध भइरहेको छ। सरकार पक्षीय दलहरुले संसद चल्न दिएर संविधान संशोधन प्रस्तावलाई फेल गराउन चुनौती दिएपनि एमालेसहितका दलहरुले त्यसलाई अस्वीकार गर्दै राष्ट्रघाती प्रस्तावलाई संसदमा छलफल हुन नदिने बताएको छ।

संसद खोल्न एमालेको शर्त

एमाले संसदको कार्यसूचीमा संविधान संशोधनको विषय नराखेमा अवरुद्ध संसद खुलाउन तयार देखिएको छ। यसअघि लोकमानसिंह कार्कीविरुद्धको महाअभियोगको प्रस्तावमाथिको छलफल हुने कार्यसूची रहेका बेला समेत संसद अवरुद्ध पारेको एमाले केही लचक हुँदै कार्यसूचीमा संशोधनको विषय नभएमा संसद अवरुद्ध नपार्ने बताएको हो।

एमालेले सरकारले ल्याएको संविधान संशोधन प्रस्ताव राष्ट्रिय हितविपरित रहेको भन्दै संसद अवरुद्ध गर्दै आएको थियो। महासचिव इश्वर पोखरेलले पोखरामा आयोजित पत्रकार सम्मेलनमा भने, 'हामी अबरुद्ध संसद खोल्न तयार छौं, तर सभामुखले असंवैधानिक रुपमा आएको संविधान संशोधन प्रस्ताव बाहेकका विषयमा मात्र छलफल गर्ने कार्यसूची ल्याउनु पऱ्यो।'

संसद सचिवालयमा दर्ता भएको संविधान संशोधन प्रस्तावलाई उनले असंवैधानिक भएको आरोप समेत लगाए। मधेसवादी दलको माग संबोधन गरी सहमतिमा ल्याउन भन्दै सरकारले संविधान संशोधन प्रस्ताव ल्याएको हो।

यद्यपि सरकारले अहिले संविधानको प्रक्रियालाई बहिस्कार गरेका दलहरुसँग भने सहमति गर्ने प्रयत्न अहिले सम्म पनि गरेको छैन। संविधानको सर्वस्वीकार्यता खोज्नु पाखण्डीपन भएको टिप्पणी गर्दै उनले संसारमा कहिपनि संविधानमा सर्वस्वीकार्यता हुन नसक्ने जिकिर समेत गरे।

एमालेले संविधान संशोधन प्रस्ताव दर्ताभएसँगै पाँच नम्बर प्रदेशसहित विभिन्न क्षेत्रमा आन्दोलन गर्दै आएको छ। पोखरेलले संविधान प्रस्ताव फिर्ता गर्न सरकारलाई असहज भए स्थगन गरेर अगाडि बढ्न सरकारलाई सुझाव दिए। अहिलेको संविधान संशोधन प्रस्ताव राष्ट्रहित र राष्ट्रियनताको प्रतिकुल रहेको भन्दै एमालेले संविधानको धारा २ सय ७४ संशोधन गरेर देखाउन चुनौती पनि दिएको छ। संविधानको धारामा प्रदेशका सीमांकनका बारेमा व्यवस्था गरेको छ।

संविधान संशोधनको प्रस्ताव दर्ता भएसँगै संसदवादी दलहरु त्यसको पक्ष र विपक्षमा गरी दुई कित्तामा उभिएका छन्। एमालेसहितका दलहरु संविधान संशोधनको विपक्षमा छन् भने सरकारलाई समर्थन गरेका दलहरु संविधान संशोधनको पक्षमा छन्।

क्रान्तिकारी माओवादीले भने अहिलेको यो संविधानले देशलाई निकास दिन नसक्ने र जनताका अधिकार स्थापित गर्न नसक्ने निश्कर्षसहित यसको खारेजीको पक्षमा उभिदै आएको छ। संसदवादी दलहरुले विरोधीलाई निषेध गरेर तानाशाही तरिकाले ल्याएको संविधानका विपक्षमा जनमत बढ्दै गएको छ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
उच्च गुणस्तरको रेगुलेटर
गृहिणी चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

प्रकाशक : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं